जल, जमीन र जंगल हाम्रो सरोकार, कृषि क्षेत्रको विकास अर्थतन्त्रको आधार

# कृषि जर्नल

Agriculture Journal

मासिक

कृषि जर्नल २०८० बैशाख (krishijournal–2023, (April-May)




## सहकारी महासंघको ११ वुँदे

# काठमाडौं घोषणा–पत्र २०७९

दर्ता नं. का.जि.प्र.का.द.नं. १३६/२०६२/०६३
जल, जमीन र जंगल हाम्रो सरोकार, कृषि क्षेत्रको अर्थतन्त्रको आधार

# कृषि जर्नल

Agriculture Journal मासिक

काठमाडौं जि.प्र.का.द.नं. १३६/०६२/०६३

वर्ष-१९, अङ्क १०६ बैशाख २०८०

## यस अङ्कमा











| | |
|---|---|
| १. सहकारीको स्वनियमन ..... प्रधानमन्त्री प्रचण्ड | ३ |
| २. समाजवाद उन्मूख अर्थतन्त्र ..... सचिव रेग्मी | ४ |
| ३. राज्यले सहकारीलाई सहुलियत ..... निर्देशक खरेल | ५ |
| ४. सहकारीले आर्थिक विकासमा ..... खतिवडा | ६ |
| ५. संस्थाको विकासमा जनशक्तिलाई .....शाह | ७ |
| ६. सरकार, निजी र सहकारी ..... ढकाल | ८ |
| ७. कृषि तथा पशुपन्छि विकास ..... प्रेस विज्ञाप्ति | ९ |
| ८. तेस्रो राष्ट्रिय सहकारी महासम्मेलन सम्पन्न | १० |
| ९. २४ औ पुष्प मेला २०७९ सम्पन्न पुष्प व्यवसाय | ११ |
| १०. राष्ट्रिय सहकारी महासंघको महासम्मेलन २०७९ | १३ |
| ११. मलको अभाव सम्बन्धी..... | १४ |
| १२. आठ सुत्रीय माग पूरा गर्न सरकारसँग आग्रह | १५ |
| १३. किसानका माग पूरा गर्न संघर्षको तयारी | १६ |
| १४. किसान संगठनहरूको संयुक्त बैठक ..... | १७ |
| १५. नेपाल डेरी एशोसिएसनले ..... | १८ |
| १६. मलको मूल्यवृद्धि फिर्तालिन नेकपा | १९ |
| १७. मीटरब्याजको कारोबारलाई ..... | २० |
| १८. किसान संगठनहरूको संयुक्त बैठक | २१ |
| १९. माइतिघरबाट किसानहरुको खबरदारी | २३ |
| २०. काठमाडौं घोषणा-पत्र २०७९ | २४ |
| २१. ११ बुँदै काठमाडौं.....सकियो महासम्मेलन | २५ |
| २२. सहकारीले जोगाउँछ अर्थतन्त्र पूर्व प्रधानमन्त्री ओली | २६ |
| **23. Rural peoples unite for food, ...... justice!** | **27** |
| **24. Rural people in Sudan** ..... | **28** |
| **25. Rural people coalition ..... justice** | **29** |
| **26. PCFS Demanding to** ..... | **30** |
| **27.A new lease on life for** ..... | **31** |
| **28. From coca leaves to** ..... | **32** |
| **29. Meet the winners of the.....2023** | **34** |
| **30. War in Ukraine: How a crisis** | **35** |


व्यक्तिगत मूल्य रु. १००/-
संस्थागत मूल्य रु. २००/-

**प्रकाशक :** कृषि सूचना तथा सञ्चार प्रविधि प्रकाशन प्रा.लि
**सल्लाहकार :** कृष्ण कोपिला, डा.गिरीराजमणी त्रिपाठी, छविन्द्रराज कँडेल, डा.भरतबहादुर पाण्डे
**प्रबन्ध निर्देशक :** श्रीबहादुर खड्का, **प्रधान सम्पादक :** धनबहादुर मगर
**वरिष्ठ सह-सम्पादक :** निर्दोष तिमिल्सिना, हिरा पाण्डे (दिक्षा) रितु रुपाखेती, सरस्वती महर्जन
**मुख्य कार्यालय :** बागबजार २८, टौखेल मच्छेगाउँ ९, चन्द्रागिरी नगरपालिका
**फोन :** ०१४२८८७४३, **मोवाईल नं.** ९८४१४४५७५३, **मुद्रण :** प्रिन्ट स्काई, भुरुङ्खेल, काठमाडौं
**Online :** www.krishijournal.com.np, **इमेल :** krishijournal@yahoo.com

# कार्वन व्यापार बन्द गर्नु पर्छ

सम्पादकीय



जलवायू परिवर्तन सम्बन्धी संयुक्त राष्ट्र संघीय कार्यक्रम कोप-२७ औं संस्करण इजिप्टको साम शेखअलमा सम्पन्न भईसको छ। सरकार, गैर-सरकारी संघ-संस्थाहरुले जलवायू परिवर्तन सम्बन्धी कार्यक्रमहरु निरन्तर गरिरहेको छ।

वैज्ञानिकहरूको तथ्याङ्क अनुसार विश्वमा नै तापक्रम बढ्दो छ झण्डै २ दशकयता १.५ डिग्री सेन्टीग्रेड तापक्रम बढेको छ। अहिले १.२ सेन्टीग्रेड तापक्रम पुग्न लागेको अनुमान गरिएको छ। औंद्यौगिक राष्ट्रले व्यापारको नाममा आफूले उत्सर्जन गरेको कार्वनको क्षतिपूर्ति साना राष्ट्रलाई दिने भनेर भनिएको छ। त्यो उपयुक्त होइन बरु तापक्रम नबढाउने र पर्यावरण मैत्री बन्न तिर विश्व अघि सर्दा उपयुक्त हुन सक्छ। किनकी विष दिएर क्षतिपूर्ति दिन्छु भन्ने कुरा नै उपयुक्त हुन्न।

कोप-२८ औं संस्करणलाई केन्द्रमा राखेर हाम्रो देशको सरकार यूएन एजेन्सीज हरुले अगाडि सारिएका कुराहरुलाई अगाडि बढाउँदै कोप २८ संस्करणलाई खवरदारी गर्ने जमर्को गरिरहेका छ। अहिलेको कोप-२८ को सन्दर्भमा किसानहरुको एजेण्डाहरु के हुन् उनीहरुको सहभागीताको स्थिति के हो ? भन्ने एजेण्डालाई सार्वजनिक महत्वको वहसको रुपमा विकास गर्ने किसानहरुको संगठनहरुको बीचमा कोप-२८ को आवश्यकता र महत्वलाई स्थापित गर्ने, प्रसार प्रचार गर्ने अभियानको रुपमा विश्वभर अगाडि सारिएको छ।

देशको सन्दर्भमा, क्षेत्रीय सन्दर्भमा र विश्वव्यापी रुपमा क्लाइमेट ईस्युज र एजेण्डाहरु के हुन भन्ने सन्दर्भलाई उठाउने र यथासम्भव ति इस्युहरुलाई उजागर गर्ने, सरकार र यूएन एजेन्सीजहरु र आम सरोकारको विषयवस्तु बनाउने प्रयत्न भएको हो भन्ने देखिन्छ। सरकारलाई रिकोमेण्डेशन गर्न, यूएन एजेन्सीहरुको सहकार्यलाई बढाउँदै किसानहरुको हितमा, किसानहरुको पक्षमा काम गर्नका लागि यूएन एजेन्सीहरुको सम्बन्ध र सहकार्यलाई बढाउने किसानहरूको मुद्दालाई सम्वोधन गराउन यो कार्यक्रम अघि बढाईको छ।

कोप-२८ मा फेमिली फार्मर्सहरु वहसको केन्द्र हुने छ। जो साना ठूला पारिवारिक किसानहरु हुन्। कोप २८ औं संस्करणमा पारिवारिक किसानहरुको सन्दर्भमा फार्मर्स फेसलिटीको पनि कुरा हुन्छ।

हाम्रो जस्तो भौगौलिक वावावरण भएको देशमा जहाँ हामीले तथ्याङ्कको आधार भन्ने हो भने ६५ प्रतिशत जनता र त्यसभित्र पनि ७० प्रतिशत महिला भनिरहेको छौं। महिलाहरु संलग्न भएको जनजीविकाको क्षेत्र, महिला संलग्न भईराखेको स्रोत साधान माथिको पहुँच र नियन्त्रणको हिसावले धेरै पछाडी पारिएको क्षेत्र हो र अगाडि नबढी रहेको क्षेत्र हुँदा मलाई लागेको सबैभन्दा महत्वपूर्ण पाटो, कृषि आफैमा जोखिमयुक्त क्षेत्र हो भन्ने खालको बुझाई नै हाम्रो नीतिगत तहको बुझाई हुनुपर्छ भन्ने जरुरी छ। जोखिमयुक्त क्षेत्रमा संलग्न हुनेहरुलाई चाहीं जोखिम युक्त क्षेत्रमा काम गर्ने अथवा वर्गको रुपमा बुझ्न सकियो भने त्यसलाई सम्वोधन गर्न सक्ने खालको नीति कार्यक्रम र संरचनाहरु बन्छन् भन्ने लाग्छ। नेपालको कृषि क्षेत्रमा अनुसन्धान र अध्ययनको पाटो कमजोर छ। हाम्रो देशको भौगौलिक हिसावले, जातिय हिसावले, संस्कारयुक्त हिसावले हामी प्राकृतिक स्रोत साधानसँग एकदमै संलग्न भएको समुदायको हो। यो समुदायको बारेमा अध्ययनहरु पुगेको छैन। अनुसन्धानमा आधारित हाम्रो शिक्षा पाठ्यक्रम बनेन र त्यहाँबाट निस्कने ग्राजुयटहरु भोलिका नीति निर्माणकर्ता पनि हुन सक्छन्। वाच गरिरहेको यूएन एजेन्सीमा पनि हुनसक्छ। अभियन्ता पनि हुनसक्नु हन्छ तर त्यो सबैलाई गाइड गर्ने भनेको हाम्रो शिक्षा प्रणाली हो। त्यसमा पनि अलिकति अध्ययन अनुसन्धानमा आधारित शिक्षा प्रणाली र त्यो शिक्षा प्रणालीले रुपान्तरित गरेको नीति दोस्रो भागमा आवाज उठाउनु पर्छ। सबैभन्दा महत्वपूर्ण पाटो भनेको स्रोत साधानमा तल्लो तटीय, माथिल्लो तटीयको कुरा गर्दा सातवटा प्रदेशको अवस्था हेर्दा धेरै धेरै विविधता पाइन्छ। प्रदेशस्तर, स्थानीयस्तरमा तल्लो तटीय र माथिल्लो तटीयको अवस्था हेर्दा सबैभन्दा बढी असर पार्ने भनेको साना किसान, महिला, महिलामा पनि घरमूली महिलाहरु हुन्छन्। त्यसपछि आएर अर्को महत्वपूर्ण विषय भनेको हाम्रो सम्पूर्ण कृषि र खाद्य श्रृंखलामा औपचारिक हिसावमा आवद्ध हुने श्रमिकहरु उहाँहरु सबैभन्दा बढी असर गर्ने समूहमा पर्दछन्। हाम्रो संविधानले खाद्य सुरक्षा, खाद्य अधिकार, खाद्य सम्प्रभुत्तामा त्यसमा टेकेर हामीले आफ्नो सम्प्रभुत्ताको लागि गर्नु पर्ने कामहरु छन्। तीनै वटा कुरामा कृषिलाई जोखिमयुक्त र भूगोल विशेष विभिन्न चाल चलनका कारणले, साँस्कृतिक आदि इत्यादिका कारणले प्राकृतिकसँग साक्षरता गर्ने प्रकृयामै फरक हुन्छ। सबैभन्दा विपन्न वर्ग असर गर्न सक्ने समुदायलाई लक्षित गर्नसक्ने कार्यक्रमहरु ल्याउनु पर्छ।

यी कुराहरू हुने कोप संस्करणको २८ औं संस्करणमा यी कुराहरू उठाउने मात्र नभई हस्तक्षेपकारी भूमिका रहुन पर्छ भनेर विषयहरु उठीरहेको छ। हामीले अन्तर्राष्ट्रिय निकायहरुमा ती कुरा प्रष्टसँग भन्न सक्यौं भने हामी धेरै सेभ साइडमा रहन सक्छौं। भोलीका आउन सक्ने विपत्तीहरुबाट जेगिन सक्छौं। यूएन एजेन्सीहरु, कृषि र वनसँग सम्बन्धित विभिन्न संघ(संस्थाहरुबाट जलवायू परिवर्तनको विरुद्धमा लड्नु पर्छ। वातावरणीय न्यायको पक्षमा लड्नु जरुरी छ भन्ने विषय उठेको छ। हाम्रो जस्तो गरीव देशका किसानहरु चाहीं जलवायू परिर्तनको कारण होइन अरुले गरिरहेको गतिविधिका कारण सिर्जित समस्या हुन्। केही साथीहरुले जलवायू परिवर्तन पूँजीवादी व्यवस्थाका कारण सिर्जना भएको समस्या हो भन्ने कुरा प्रष्ट रुपमा उठनु पर्छ। नवउदारवादी विश्व व्यवस्थाले ल्याएको समस्याहरूको रुपमा जलवायू परिवर्तनलाई जटिलतामा लगेको छ भनिरहेको छ।

साना राष्ट्र तथा अल्पविकसित राष्ट्र जो औद्यौगिक राष्ट्रहरूको कारण सबैभन्दा बढी मर्का परेको कुरा नकार्न सकिन्न। विश्वमा तापक्रम बढ्दो छ। जसको कारण जीवजन्तु र जैविक विविधता मासिदै गएको छ। यो अवस्थामा सम्पूर्ण जीवन र जगतको भलोको लागि जलवायू परिवर्तनसँग जीवन मरणको संघर्ष गर्नु पर्ने अवस्था सिर्जना भएको छ। हरेक उत्पादनहरूको उत्पादन घट्दो छ। पर्यावरण मैत्री पृथ्वी बनाउन सक्यौं भने मात्र सम्पूर्ण प्राणी पृथ्वीमा बाँच्न सकिन्छ। कार्वन व्यापार गर्ने नभई बन्दै गरेर दिगो कृषिमा जोडदिइदै मानव जाति माथि आईपर्ने संकट मानवजातिको वासस्थान पृथ्वी ग्रह जोखिमलाई सुरक्षित बनाउने तर्फ जोडदिनु पर्छ।

# सहकारीको स्वनियमन नारामा मात्रै सीमित नहोस् : प्रधानमन्त्री प्रचण्ड



काठमाडौं, २३ चैत्र
प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले सहकारीमा स्वनियमन नारामा मात्रै सीमित भएको भन्दै व्यवहारमा लागू गर्न सहकारीलाई निर्देशन दिएका छन् । सहकारीले राष्ट्रिय अर्थतन्त्रमा महत्वपूर्ण भूमिका खेलेको भन्दै सहकारीमा स्वनियमन अपरिहार्य भएको बताए ।

राष्ट्रिय सहकारी महासंघ र भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको संयुक्त आयोजना गरेको तेस्रो राष्ट्रिय सहकारी महासम्मेलनमा बोल्दै प्रधानमन्त्री दाहालले पछिल्लो समय सहकारीको काम कारबाहीमा केही प्रश्न उठिरहेकोले स्वनियमन आवश्यक रहेको बताए ।

सहकारी संस्थाहरुप्रति उठेका सवालहरुको विषयमा गहन छलफल गरेर महासम्मेलनले निष्कर्ष निकाल्नु पर्ने धारणा राखे । 'सहकारीमा देखिएको समस्याहरुको कारण आम नागरिकहरु प्रभावित छन्, यस चुनौतीपूर्ण अवस्थाबाट बाहिर निस्कन यो महासम्मेलनले उचित निश्कर्ष निकाल्नु पर्छ, सहकारीलाई उत्पादन र श्रमसहकारीमा रुपान्तरण गर्नु पर्छ', प्रधानमन्त्री दाहालले भने । वित्तीय क्षेत्रमा देखा परेको तरलताको प्रभाव सहकारीमा पनि देखिएको बताउँदै बचतकर्ताको पैसा सुरक्षित राख्नु पर्ने हामी सबैको दायित्व भएको बताए ।

कार्यक्रममा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका सचिव डा. दामोदर रेग्मीले सहकारी क्षेत्रलाई नयाँ उचाईमा पुऱ्याउन महासम्मेलन कोशेढुंगा सावित बताए ।

कार्यक्रममा बोल्दै राष्ट्रिय सहकारी महासंघका अध्यक्ष मिनराज कँडेलले सहकारी क्षेत्रमा सुधारको संकेत देखिएको बताएका छन् । कँडेलले विगत लामो समयदेखि सहकारीमा समस्या देखिएपनि पछिल्लो समय भने विस्तारै सुधारको संकेत देखिएको बताएका हुन् ।

'तीन दिनसम्म सहकारीको स्वनियमन र सुशासनको विषयमा पनि छलफल भएको छ । विश्वव्यापी रुपमा देखिएको आर्थिक समस्या र यसले सहकारी क्षेत्रमा देखिएको समस्या समाधानका लागि निष्कर्ष निकालिनेछ । सहकारीमा प्रविधिको प्रयोग कसरी गर्न सकिन्छ, सहकारीको योगदान र आगामी दिनहरुमा सहकारीलाई कुन गन्तव्यमा पुऱ्याउन सकिन्छ भन्ने विषयमा चर्चा हुनेछ', अध्यक्ष कडेलले भने ।

कार्यक्रममा नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले उद्घाटन सत्रमा नेपालको अर्थतन्त्र र सहकारीको विषयमा मुख्य वक्ताको रूपमा सम्वोधन गरेका थिए । गभर्नर अधिकारीले सहकारीमा दोस्रो तहको नियामक निकाय आवश्यक रहेको बताए । गभर्नर अधिकारीले सहकारी क्षेत्रमा केही सीमित सहकारीको गल्तिका कारण समग्र सहकारी क्षेत्र नै वदनामी भएको बताए । सहकारी क्षेत्रले सिमान्तकृत वर्गको स्तर सुधारका लागि धेरै राम्रो काम गरेको बताउँदै सरकारले सहकारी क्षेत्रमा वजेट विनियोजन गरी सिमान्तकृत वर्गले पाउने हिसाबले काम भइरहेको बताए ।

'केही सीमित कमीकमजोरी र फ्रडका घटनाहरुले सहकारीप्रति अविश्वास भएको छ तर समग्रमा सहकारी क्षेत्रले सर्वसाधारणको जीवनस्तर सुधारमा प्रभावकारी काम गरेको छ' । कार्यक्रममा अन्तर्राष्ट्रिय सहकारी महासंघका अध्यक्ष एरियल ग्वार्कोले भर्चुअल रूपमा महासम्मेलनलाई सम्वोधन गरेका थिए ।

२३ गतेबाट शुरु भएको महासम्मेलन २५ गतेसम्म चलेका थिए । कार्यक्रममा ११ वटा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विषय विज्ञबाट कार्यपत्र प्रस्तुत भएका थिए । महासम्मेलनमा ७० जिल्लाका करिब १ हजार जनाको सहभागीता रहेका थिए ।

# संयुक्त आन्दोलनको अपिल



राष्ट्रिय कृषक समूह महासंघ नेपाल, सामुदायिक वन उपभोक्ता महासंघ नेपाल, राष्ट्रिय सिचाईं तथा जल उपभोक्ता महासंघ नेपाल राष्ट्रिय भूमि अधिकार मञ्च नेपालले संयुक्त प्रेस विज्ञाप्ति प्रकाशित गरि संयुक्त आन्दोलनको अपिल गरेका छन् ।

विज्ञाप्तिमा कृषि प्रधान देशको नामले चिनिएको नेपाल हाल खाडी मुलुकको कामदार उत्पादन देशको रुपमा चिनिन थालेको छ । समग्र जनताको अविभावक सरकारले माटोमा नग्रा खियाई बिरुवाको उत्पादन माटोमा नै खाईखेली गर्नु किसानहरुलाई संरक्षण गर्न नसकी दिनानुदिन उनीहहरुको आफैले अंगालेको कृषि पेशाबाट वितृष्णा सिर्जना गरेर पेशाबाट हातधुन सहयोग पुऱ्याउने, कृषिमा वैदेशिक लगानी खुला गर्ने, कृषिमा सेवा सुविधाहरुलाई सीमित दायरामा

**बाँकी ........ ६ पृष्ठमा**

# समाजवाद उन्मूख अर्थतन्त्र निर्माणमा सहकारीको भूमिका प्रभावकारी : सचिव रेग्मी

काठमाडौं, २४ चैत्र

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका सचिव डा. दामोदर रेग्मीले सामाजिक, आर्थिक रुपान्तरणमा सहकारीले महत्वपूर्ण योगदान पुऱ्याएको बताए ।

राष्ट्रिय सहकारी महासंघ तथा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको संयुक्त आयोजनामा जारी तेस्रो सहकारी सम्मेलनको दोस्रो दिन कार्यपत्र प्रस्तुत गर्दै रेग्मीले सहकारी विस्तार भएका ठाउँमा आर्थिक, सामाजिक सुधार भएको बताए । मानव विकास सूचाङ्कमा सुधार ल्याउन पनि सहकारीले उल्लेख्य योगदान दिएको उनको भनाई थियो ।

सचिव रेग्मीले

'सहकारी क्षेत्रले नेतृत्व विकासमा समेत टेवा पुऱ्याएको छ । स्वरोजगार, उद्यमशीलतामा समेत विशेष योगदान पुगेको बताए', सहकारीको माध्ययबाट उत्पादन वृद्धि गरेर आयात कम गराउन पनि सहकारीले भूमिका खेलेको बताए ।

अर्थतन्त्रमा सहकारी बलियो खम्बा भएको भन्दै सचिव रेग्मीले सुखी नेपाल सम्मृद्ध नेपाल निर्माणमा महत्वपूर्ण टेवा पुगेको बताए । दिगो विकास लक्ष्य प्राप्ति र समाजवाद उन्मूख अर्थतन्त्र निर्माणमा सहकारीको भूमिका प्रभावकारी रहेको सचिव रेग्मीको भनाई थियो ।

'अहिले सहकारी समस्यामा छन् । सबै मिलेर समाधान खोजौं', सचिव रेग्मीले भन्नु भयो ।

'केही सहकारीमा समस्या आउँदा सिंगो सहकारी बदनामी बन्न पुगेको र प्रश्न चिन्ह उठेको छ । सुरक्षित अवतरणका लागि सबै लागौं । डुंगा पल्टियो भने हामी सबै डुब्छौं ।' आन्तरिक नियमन प्रणाली बलियो बनाउन सके सहकारीमा समस्या नआउने सचिव रेग्मीको भनाई थियो । 'सहकारीमा माथिबाटै सफाई गर्नु आवश्यक छ', 'यसो हुन सके सुशासनमा प्रवर्द्धन पुग्छ ।'

कर्जा सूचना केन्द्र, ऋण असुली न्यायाधिकरण गठन गर्न सरकार सकारात्मक भएको समेत बताए । 'सहकारीका समस्या समाधान गर्न मन्त्रालय सहजिकरण गर्न तयार छ' रेग्मीले भन्नुभयो । राम्रा सहकारी नराम्रा सहकारीबाट थिचिएको बताए ।

पूर्व सचिव गोपिनाथ मैनालीले स्वनियमन सिद्धान्त आदर्श भए पनि सहकारीका लागि आत्मा भएको बताए । सहकारीले नियमन गर्ने अवसर दिन नहुने उनको भनाई छ । 'भित्रैको मान्छेले समस्या देख्ने भएकाले स्वनियमन महत्वपूर्ण हुन्छ', 'सदस्य नै ठूलो नियमक निकाय भएकाले चाँसो राख्नुपर्छ, नियमन गर्नुपर्छ ।' लेखा सुपरीवेक्षण समिति सक्रिय भएमा पनि सहकारी बचाउ अभियान चलाउनुनपर्ने बताए ।




स्वनियमन प्रभावकारी भएमा मात्र सहकारीमा सुशासन आउने उनको भनाई छ । व्यवस्थापन, सञ्चालनको गुणस्तर सेवा, बाह्य पक्ष, चेक एण्ड ब्यालेन्सलगायतमा विशेष जोड दिनुपर्ने उनले बताए । वित्तीय दिगोपना, कर्जा प्रभावको अवस्थामा हेर्न सके सहकारीमा समस्या नआउने मैनालीले बताउँनु भयो ।

सहकारीका लागि छुट्टै नियमक निकाय मात्र नभई राष्ट्रबैंकले नियमन गर्न सक्दैन ।' 'दर्ता एउटाले गर्ने, नियमन अर्कोले गर्ने प्रभावकारी हुँदैन ।'

काठमाडौं विश्वविद्यालयका प्ध्यापक डा.विनोदकृष्ण श्रेष्ठले बिग्रेका सहकारीलाई सही ट्र्याकमा ल्याउनुपर्ने बताए । स्वनिमन मात्र नभई नियमन पनि आवश्यक भएको उनको भनाई श्रेष्ठको छ ।

राष्ट्रिय सहकारी महासंघका सञ्चालक डिबी बस्नेतले अभियानको विषय महासंघले बोल्ने बताए । 'हाम्रा तत्काल समाधान हुने माग छन्, सरकार गम्भीर भएर १५ दिनभित्र सहकारीका मुद्दा सल्टाउनुपर्ने बस्नेतले जोड दिए । सरकारले १० अर्ब सहुलियत ऋण दिएमा तरलता अभाव हटाउन सकिने बस्नेतको भनाई छ । 'जानी जानी सहकारीलाई आफ्नो व्यवसाय बनाउनेलाई कारवाही गर्नुपर्ने जोड दिए ।' 'सरकारले नीतिगत सम्बोधन गर्न कन्जुस्याई गर्नु हुँदैन ।'

राष्ट्रिय सहकारी महासंघका पूर्व अध्यक्ष केशवप्रसाद बडालले सरकारले अभिभावकीय भूमिका निर्वाह गर्नुपर्ने बताए । 'सहकारी जन्माएर अलपत्र पार्न पाइदैन', बडालले भने, 'सरकारले पनि जिम्मेवारी निर्वाह गर्नुपर्छ ।' सहकारीकर्मी आफैं करेक्सन गर्ने, गल्ती नदोहोऱ्याउने गर्नुका साथै सहकारीको सुधारका लागि संयुक्त र प्रभावकारी नियमन गर्नुपर्ने बडालले बताए । 'सदस्यको पैसा संरक्षण गर्न सञ्चालक, व्यवस्थापन र लेखा समिति सक्रिय हुनुपर्छ ।' सहकारी बलियो भएन भने कुनै निकायको भविष्य हुँदैन, सहकारी आधार हो, कमजोरी हट्नुपर्छ ।'

जिल्ला सहकारी संघ दाङका सचिव शुक्रराज भण्डारीले सहकारी ऐनसँग बाँझिएका ऐन परिमार्जन गर्नुपर्ने बताए । 'सहकारीलाई उत्पादनमा जान बाधा पुगेको छ ।' 'उत्पादन गर्न चाहन्छौ तर हामीले अनुज्ञापत्र पाउन सकेनौं ।'

सहकारीकर्मी नरेन्द्र विष्टले अप्ठ्यारो पर्दा सहयोग नगर्ने, स्वनियमन मात्र भन्ने भए सरकारी निकाय खारेज गर्नुपर्ने बताए । नियमन गर्न दक्ष जनशक्ति व्यवस्था गर्नुपर्ने भन्दै विष्टले बचत फिर्ता गर्ने क्रम बढ्ने र कर्जा नउठ्ने समस्या भएकाले सहकारीमा समस्या भएको बताए ।

कार्यक्रममा सहभागी सुर्खेतका सहकारीकर्मी किरण बस्नेतले विना धितो ऋण प्रवाह गर्न नपाइने निर्देशन सहकारीको मर्म भन्दा विपरित भएको बताए ।

# राज्यले सहकारीलाई सहुलियत ऋण दिनुपर्छ : कार्यकारी निर्देशक खरेल

नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक रामशरण खरेलले आर्थिक सामाजिक रुपान्तरणको महत्वपूर्ण आधार सहकारी भएको बताए । राष्ट्रिय सहकारी महासंघ र भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको संयुक्त आयोजनामा भएको कार्यक्रममा बोल्दै खरेलले १ अर्ब भन्दा बढी कारोबार गर्ने सहकारी दुई सय भइसकेको बताए । विकास बैंक, लघुवित्त भन्दा सहकारी ठूलो भइसकेको भनाई छ । सहकारीको सुधारमा हाम्रो चासो छ । बैंकको ब्याज धेरै भएमा सहकारीमा गएर बस्ने गर्छ । त्यो तरिकाले स्वीम भइरहेको छ । सहकारीलाई ध्यान दिइरहेका हुन्छौं ।



'तरलता (तत्काल नगदमा परिणत गर्ने) नभई लगानीयोग्य साधानका रुपमा बुझ्ने गरिन्छ' 'भनेको समयमा निक्षेप नआउने र कर्जा असुली नहुने समस्या आउने गरेको छ ।'

'अर्को संस्थामा समस्या आउँदा पनि फिर्ता गर्ने क्रम बढ्ने गरेको छ ।' समग्र वित्तीय प्रणालीमा तरलता कम हुँदा सहकारीमा पनि प्रभाव परेको हो ।

बैंकमा ब्याजदर बढी भएपछि सहकारीबाट झिकेर बैंकमा राखेको हुन सक्ने कुरा बताए । तत्काल रिटर्न नदिने घरजग्गा र शेयरको मूल्य घट्दा पनि सहकारीमा समस्या आएको जनाएको छ ।

राज्यले सहकारीलाई सहुलियत कर्जा दिनुपर्छ । 'सहकारी स्वनियमन नहुँदा मात्रै समस्या आउने होइन, राज्यले पनि सहयोग गर्नुपर्छ ।' तरलतामा सहयोग गर्ने निकाय नहुँदा जतिबेला पनि तरलता अभाव हुन सक्ने भनाई राख्नु भएको छ ।

बैंक तथा वित्तीय संस्थाका लागि एकद्वार प्रणाली लागू भएकाले समस्या नआउने गरेको भन्दै कार्यकारी निर्देशक खरेलले सहकारीलाई पनि यस्तै व्यवस्था आवश्यक भएको बताए । खराब कर्जा ५ प्रतिशत भन्दा कम हुन नहुने व्यवस्था भए पनि कार्यान्वयन हुन नसकेको बताएको छ । सहकारीमा डाटा नहुँदा वास्तविक तथ्याङ्क आउन नसकेको हुन सक्छ ।

स्थिरीकरण कोषमा ११ करोड जम्मा भए पनि त्यो प्रयाप्त नभएकाले कार्यन्वयनमा समस्या भएको बताए । बैंक तथा वितीय संस्थाले जस्तै सहकारीले अन्तर सहकारी कारोवार गर्न नपाउनुले पनि समस्या भएको बताए ।

सहकारीले मापदण्ड पूरा गर्नुपर्ने, तरलता सहयोग गर्ने ठाउँ चाहिने र वैधानिक रुपमा अर्को सहकारीबाट सापटी लिन पाउने व्यवस्था हुनुपर्छ ।

३ वर्षदेखि संख्या तथा कारोवारको तथ्याङ्क लिन नसक्नु दुःखद भएको उनको भनाई छ । 'सहकारीलाई जतिसुकै खम्वेका कुरा गरे पनि विवरण यकिन गर्न हुनुपर्ने कुरामा जोडदिनु पर्ने बताए ।

सहकारीमा स्वनियमनमा नपुग्ने भन्दै सहकारी बैंकको क्षमता बढाउनुपर्ने बताए । राष्ट्रिय सहकारी विकास बोर्डलाई सुपरिवेक्षणको जिम्मेवारी दिने अथवा छुट्टै सेकेण्ड टायर इन्स्टिचीयुसन गठन गर्न आवश्यक भईसकेको बताए । 'राम्रा संस्था मात्रै स्थिरीकरणमा जाने नभई धेरै संस्थाले सेवा पाउने गरी पुर्नसंरचना गर्नुपर्ने कुरामा जोड दिए ।

सहकारीले वचत र असुलीको भरपर्दो माध्यम बनाउन नसके वित्तीय जोखिम बढ्ने उनको भनाई छ । सहकारीमा सिआरआर (कर्जा निक्षेप अनुपात) अनिवार्य व्यवस्था गर्दै सहकारीलाई ऋणपत्रमा पनि लगानी गर्ने व्यवस्था गर्न आवश्यक भइसकेको बताए । नेकपा एमाले सहकारी विभागका इन्चार्ज कमल चौलागाईले नेफस्कून र बैंकमा लगानीयोग्य पैसा नभएको र राज्यले सहुलियत ऋण नदिदाँ सहकारीलाई तरलता व्यवस्थापनमा समस्या परेको बताए । राष्ट्रिय सहकारी बैंकका प्रमुख कार्यकारी निर्देशक बद्रीकुमार गुरागाईले सहकारीमा तरलता संकट र खराब कर्जा बढ्न नदिन शिक्षामा काम गर्नुपर्ने आवश्यकता रहेको बताए ।

सीप, ज्ञान, शिक्षामा नभई आफ्नै ढंगले काम गर्दा तरलता अभाव आएको भनाई छ । अविश्वासका कारण निक्षेप झिकिएको बताए । कोभिड महामारीको समयमा सहकारीमा राम्रै पैसा आयो तर त्यसको होल्डिङ पिरेड हिसाब नगरी लगानी गरेकाले तरलताको समस्या आएको हो ।

बैंक तथा वित्तीय संस्थामा समस्या आउँदा राष्ट्र बैंकले बैंक तथा वितीय संस्थालाई नीतिगत रुपमा गत भदौमा नै व्यवस्था गरेको भए पनि सहकारीमा त्यस विषयमा कसैले नबोलको बताए । सहकारीकर्मीमा क्षमता अभावका कारण धमाधम लगानी गरियो ।' कानून पालना नहुँदा पनि समस्या भयो ।' कानून हुनु, कार्यान्वयन नहुनु जस्ता सहकारीमा संरचनागत समस्या आएको बताए ।

# सहकारीले आर्थिक विकासमा योगदान पुऱ्याएको छ : खतिवडा

तेस्रो राष्ट्रिय सहकारी महासम्मेलनमा विभिन्न मुलुकबाट सहभागी प्रतिनिधिहरुले सहकारीमा समान सहकार्यले मुलुकको आर्थिक विकाससँगै नेतृत्व विकास समेत गर्ने गरेकोमा जोड दिएका छन् ।



२४ गते शुक्रबार पहिलो प्यानल वहसमा विभिन्न मुलुकको प्रतिनिधिहरुले सहकारीको समान सहकार्य विषयमा आफ्नो प्रस्तुती दिँदै उक्त कुरामा जोड दिएका हुन् । पूर्वअर्थमन्त्री डा.युवराज खतिवडाले प्यानल डिस्कसनको सहजीकरण गरेका थिए ।

अष्ट्रेलियाबाट सहभागी विजनेस काउन्सिल अफ को अपरेटिभ म्युचियलका प्रमुख कार्यकारी अधिकृत मेलिना मोरिसनले सहकारीको सहकार्यले देशको आर्थिक विकासँगै देशको जिडीपीमा समेत सहकारीले ठुलो योगदान दिएको बताएका छन् ।

आफ्नो प्रस्तूतमा आर्थिक सहभागीता र स्वायत्तता र स्वतन्त्राता शिक्षा, तालिम र सूचना सहकारी बीचमो सहकार्य गने जोड दिएकी थिइन् । सहकारीमा महिलाको सहकार्यले नेतृत्व विकासँगै ग्रामीण क्षेत्रको समेत विकास योगदान पुऱ्याएकोमा जोड दिएकी थिइन् । सहकारीको सहकार्यले देशको आर्थिक विकाससँग देशको दिगो विकासमा ठुलो भूमिमा खेलेको प्रस्तुत कार्यपत्रमा उल्लेख समेत गरेकी थिइन् ।

भारतबाट प्रतिनिधित्व गरेका आइसिए एपीका क्षेत्रीय निर्देशक बालु एयरले सहकारीहरुले पछिल्लो समय सहकारीमा समान सहकार्यले महिलाहरुको समेत राम्रो भूमिका रहेको बताए । सहकारीमा महिलाको सहभागीताले मुलुकको आर्थिक विकास समेत सहयोग पुगेको जोड दिए । पछिल्लो समय सहकारीहरुमा विचलन आएको हो की भन्ने प्रश्न समेत गरेका थिए । सहकारी अभियन्तामा विचलन नहुन समेत जोड दिए ।

सहकारी अभियन्तामा विचलन आउँदा पछिल्लो समय सहकारीमा समस्या आएको धारणा व्यक्त गरेका थिए । सहकारीहरु स्वनियमनमा सञ्चालन हुने संस्था भएकाले सरकारले सहकारीमा आएको समस्याको सहजिकरण मात्र गर्नुपर्ने तर नियन्त्रण र निर्देशन आवश्यक नभएको कुरामा जोड दिए ।

यस्तै अर्का वक्ता भारतको राष्ट्रिय सहकारी विकास निगमका एमडी पंकज कुमार वंशलले सहकारीहरुको पहिचान संकटमा तर्फ इङ्गित गरे । पूर्व अर्थमन्त्री डा.युवराज खतिवडाले प्यानल डिस्कसनको सहजीकरण गर्दै पंकज वंशलले सहकारीलाई विश्वासनिय बनाएर स्वनिमयनमा चलाउनु पर्नेमा जोड दिएको बताए । सहकारी स्वनियममा नरहँदा सहकारीको विश्वासनिता माथि ठुलो चुनौती आएको बताए । सहकारीमा समान सहकार्यले नेतृत्वको विकाससँगै मुलुकको दिगो विकासमा समेत योगदान पुऱ्याएको उल्लेख गरे ।

वरिष्ठ पत्रकार कनकमणी दीक्षितले सहकारी क्षेत्रको समाचार सम्प्रेषण गर्नु सञ्चार क्षेत्रको अनिवार्य दायित्व भएको औंल्याउँदै मुलुको भविष्य सहकारी क्षेत्रमा रहेको बताए ।

पहिलो प्यानल डिस्कसनमा उठेका प्रश्नको जवाफमा डा.खतिवडाले सहकारीलाई नियमन गर्ने सहकारीको छुट्टै ऐन कानूनको आवश्यक भएको बताए । खतिवडाले सहकारीलाई राष्ट्र बैंकले नियमन गर्न नमिल्ने र निकाय स्थापना गर्ने सुझाव दिएको छ । महासम्मेलनमा ७० जिल्लाका करिब १ हजार जनाको सहभागीता रहेका थिए ।

**संयुक्त आन्दोलनको तयारी ......**

सञ्चालन गर्ने खास किसान र कृषिका संरचनाहरुलाई खुम्च्याएर किसान पहुँच भन्दा टाढा पुऱ्याउने स्वदेशी किसानका छरिएका उत्पादनलाई संकलन गरी मूल प्रवाहिकरण गर्नुको साटो खुलेआम रुपमा परिक्षण समेत नगरी बाहिरी उत्पादनहरु आयतलाई प्राथमिकता दिने, किसानको आधार

भूत परिक्षण समेत नगरी बाहिरी उत्पादनहरु आयतलाई प्राथमिकता दिन, किसानको आधारभूत उत्पादन सामाग्रीहरु मल, बिउ सिँचाई समयमा उपलब्ध नगराउने । २०१८ सालमा नै बनेको ऐन २०२१ मा निस्तेज गरी हालसम्म ऐन विना कृषिलाई आफ्नो अनुकूल सञ्चालनमा ल्याउने गतिविधिले कृषि वस्तुको आयतमा बढोत्तरी हुँदै गएको छ । यिनै अवस्थाको सुधारको लागि नागरिक संघ( संगठन र राजनीतिक दलका भातृ संघ( संगठनहरुको महत्वपूर्ण भूमिका रहन्छ । अनुनय विनय साथ कृषिको सुधार र किसानको अधिकार स्थापना गर्न भएका प्रयासहरु सबै बालुवामा पानी खन्याए जतिकै भएका छन् । कृषिको सुधार र किसानको अधिकार स्थापना गर्न बालुवामा पानी खन्याएका छन् । भूमि अधिकार र कृषि भूमिको संरक्षणको प्रयासले सार्थकता पाउन सकेको छैन । सिँचाईको उचित व्यवस्थापन हुन सकेको छैन । कृषि वन विकास र विस्तार अवरोध कायम छ । अधिकार खाद्य सुरक्षा र खाद्य सम्प्रभुत्ताको व्यवहारिक प्रयोग भएको छैन ।

माथिका तमाम अवस्था, कृषि तथा कृषि क्षेत्रको परिवर्तन चाहने, कृषि कर्मको प्रोत्साहन कृषिमा देश आत्मनिर्भर भएको देख्न चाहने माटोमा खेल्ने किसानहरुको अनुहारमा खुशीको साथ देख्न चाहनेहरुको लागि लज्जास्पद कुरो हो । यसर्थ कृषि पेशाको संरक्षण किसानको हित बरालिएका कृषिलाई सही मार्ग दर्शन गर्दै नेपाली माटो सुहाउँदो कृषि विकासको मार्ग पहिचान आवश्यक छ । यसको लागि एकतावद्ध रुपमा किसान आनदोलनमा उभिन विभिन्न पार्टीका बिच भातृ संघ । संगठन, कृषि र किसानको क्षेत्रमा कार्यरत संघ संस्थाहरुलाई कृषि, भूमि, वन, सिँचाई, खाद्य अधिकार काममा कार्यरत नागरिक समाजको तर्फबाट संयुक्त अपिल गर्दछौं ।

# संस्थाको विकासमा जनशक्तिलाई प्राथमिकता दिन जोड : शाह

काठमाडौं चैत्र २५ राष्ट्रिय सहकारी महासंघ र भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको संयुक्त आयोजनामा जारी सहकारी महासम्मेलनका बोल्ने वक्ताहरुले संस्थाको विकासमा जनशक्ति नै महत्वपूर्ण विषय भएको बताएका छन् । महासम्मेलनको तेस्रो दिनको पहिलो सेसनमा विश्वमा कामको शैलीमा भइरहेको परिवर्तन र संस्थाको विकास विषयमा धारणा राख्दै संस्थाको विकासका लागि जनशक्तिलाई प्रमुख प्राथमिकतामा राखेर काम गर्नु पर्ने धारणा राखेका छन् ।

'विश्वमा बदलिंदो कार्य वातावरण : संस्थागत सफलताको आधार' विषयमा कार्यपत्र प्रस्तुत गर्दै बैंकर अनिल केशरी शाहले कुनै पनि संस्थामा जनशक्तिको भूमिका महत्वपूर्ण हुने भएकोले संस्थाको संस्थागत विकासको लागि जनशक्तिलाई प्रविधिसँगै सीप सिकाउनमा जोड दिनु पर्ने बताए ।

संस्थाको जति ठूलो ब्राण्ड भए पनि जनशक्ति सिपयुक्त र क्षमतावान भएन भने संस्थाले प्रभावकारी पफर्मेन्स गर्न नसक्ने बताए ।

'संस्थाको मुल स्रोत भनेको जनशक्ति हो । जनशक्तिमा लगानी गर्नपछि हट्नु हुँदैन । कर्मचारीलाई गाली गरेर संस्थाको विकास हुँदैन । टीमलाई कसरी मोटिभेट गऱ्यो भने प्रतिफल निस्कन्छ, त्यसतर्फ ध्यान दिनु पर्ने कुरामा जोड दिए ।

वित्त विज्ञ शाहले विश्वमा प्रविधिमा भइरहेको परिवर्तनलाई बुझेर र त्यसलाई आत्मसाथ गरेर अगाडि बढ्नु पर्ने बताउँदै संस्थामा उमेरले कुनै 'महत्व' नराख्ने धारणा राखे । आजको संसार अवसर र प्रतिस्पर्धाको भएको बताउँदै सीप विकास, नेटवर्क विस्तार र सकारात्मक सोच राखेर अगाडि बढ्नु पर्ने धारणा राखे ।

यस्तै, छलफलमा राष्ट्रिय सहकारी बैंकका अध्यक्ष केवी उप्रेतीले सहकारी क्षेत्रमा सबैको आकर्षण हुने किसिमले काम गर्न आवश्यक रहेको बताए । उप्रेतीले सहकारीमा ठूलो नेटवर्क रहेको बताउँदै सो नेटवर्कको सही किसिमले सदुपयोग गरेर काम गर्नु पर्ने बताइए ।

अब सहकारीबाट सिकेर अरु ठाउँमा जाने होइन, अरु ठाउँबाट सिकेर सहकारीमा आउने वातावरण सिर्जना गर्नुपर्छ, नेटवर्कको




अधिकतम् प्रयोग गर्नुपर्छ, अहिलेको समस्या हाम्रो कारणले मात्रै होइन, यो विश्वव्यापी कारणले हो, सहकारीमा क्षमता विकास गर्नुपर्छ ।

कार्यक्रममा भिजिनरी इन्टरनेशनलका प्रमुख कार्यकारी अधिकृत (सीईओ) इन्द्र गुरुङले जुन रफ्तारमा संसारमा परिवर्तन भइरहेको छ सोही रफ्तारमा आफूहरु पनि परिवर्तन हुनु पर्ने बताए । सिक्ने र बुझ्ने मात्रै नभई हरेक विषयलाई आत्मसाथ गरेर अगाडि बढ्नु पर्ने धारणा राखे ।

छलफल कार्यक्रममा अन्तर्राष्ट्रिय श्रम संगठन नेपालका नेशनल प्रोजेक्ट संयोजक प्रकाश शर्माले दिनप्रतिदिन काम गर्ने शैली परिवर्तन भइरहेको बताउँदै आफूहरु पनि त्यसमा अभ्यस्त हुँदै जानु पर्ने बताए । काम लिने र काम गर्नेबीचको सम्बन्ध पनि प्रगाढ हुनु आवश्यक रहेको बताए ।

काम गर्नेले पनि संस्था आफ्नै हो भन्ने किसिमको अपनत्व महसुस गर्नु पर्छ, नेतृत्वले पनि सोही किसिमको व्यवहार गर्नु पर्छ, तब मात्रै संस्थाको विकासमा महत्वपूर्ण योगदान पुग्छ ।

छलफल कार्यक्रमको चेयरको रुपमा नेकपा एमालेका उप(महासचिव विष्णु रिमाल रहेका थिए । उनले पनि विश्वमा कामको शैलीमा परिवर्तन भइरहेकोले संस्थामा काम गर्ने जनशक्तिको विकासमा ध्यान दिनु पर्ने धारणा राखे ।

रिमालले क्षमतावान् र सीपयुक्त जनशक्तिलाई संस्थामा टिकाउनका लागि संस्थाले सोही किसिमको सहज वातावरण सिर्जना गर्नु पर्ने बताए । छलफल कार्यक्रममा सहभागीहरुले संस्थागत विकास र जनशक्तिको क्षमता अभिवृद्धि विषयसँग सम्बन्धित भएर आफ्ना जिज्ञासाहरु राखेका थिए ।

कृषि उत्पादनमा वृद्धि र सहजता,
कृषि यान्त्रीकरणको प्रवर्द्धन र उपयोगिता देश
आत्मनिर्भरताको मूल आधार, कृषि विकासमा नविनम् सुधार
कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रीकरण प्रवर्द्धन केन्द्र
( CAIDMP)

# सरकार, निजी र सहकारी क्षेत्र बीचको सहकार्य आवश्यक: ढकाल

चैत्र २५ गते सरकार, निजी र सहकारी क्षेत्रबीच सहकार्य तथा साझेदारी आवश्यक रहेको निश्कर्ष निकालिएको छ । राष्ट्रिय सहकारी महासंघ र भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको संयुक्त आयोजनामा जारी सहकारी महासम्मेलनमा बोल्ने वक्ताहरुले सहकार्य र साझेदारी आवश्यक रहेको निश्कर्ष निकालेका हुन् ।

महासम्मेलनको तेस्रो दिनमा 'निजी, सार्वजनिक र सहकारीबीचको साझेदारीका लागि साझा मञ्च' विषयमा छलफल गर्दै वक्ताहरुले यसअघि सार्वजनिक तथा निजी क्षेत्रबीच मात्रै साझेदारी हुने गरेको भएपनि अब सहकारीलाई पनि संलग्न गराउनु पर्नेमा जोड दिएका हुन् ।

उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष चन्द्रप्रसाद ढकालले निजी क्षेत्र र सहकारीबीच सहकार्यको खाँचो रहेको बताएका छन् । ढकालले भने, 'निजी क्षेत्रले सहकारीसँग सहकार्य गरेर अगाडि बढ्न आवश्यक पनि छ, उद्योग वाणिज्य महासंघले कृषि उद्यम केन्द्र बनाएर पनि काम गरिरहेको छ, त्यसमा सयभन्दा बढी सहकारीहरु संलग्न छन्, यसलाई अझै प्रभावकारी ढंगले काम गर्न सकिन्छ । सहकारी र निजी क्षेत्र मिलेर जाँदा आर्थिक गतिविधि बढाउन सकिन्छ ।'

ढकालले हाल बाधा अड्चनका रुपमा रहेका ऐन नियमहरुलाई फुकुवा गरेर लगानीमा पनि सहकार्य गरेर काम गर्न सकिने बताए । सहकारी क्षेत्रले रोजगारी सिर्जना, वित्तीय पुहँच, वित्तीय साक्षरता, बैंक तथा वित्तीय क्षेत्रमा तरलता सहज गर्न र उत्पादन लगायत अर्थतन्त्र निर्माणमा महत्वपूर्ण भूमिका खेलेको बताए ।

सहकारी क्षेत्रको कारणले नै धेरै उद्योगी व्यवसायीको आर्थिक गतिविधि बढाउन टेवा पुगेको बताउँदै केही सीमित घटनाको कारण समग्र सहकारी क्षेत्रमाथि प्रश्न उठेपनि सहकारीले अर्थतन्त्र निर्माणमा उदाहरणीय काम गरेको धारणा राखे ।

उनले पछिल्लो बैंक तथा वित्तीय क्षेत्रसँगै सहकारीबाट पनि कर्जा लिएको र त्यो कर्जा तिर्नु हुँदैन भनेर केही समूहले गलत अभियान शुरु गरेको बताउँदै त्यो एकदमै गलत कार्य भएको बताए । सर्वसाधारणले सहकारी तथा बैंक वित्तीय संस्थामा राखेको सानो सानो पैसालाई कर्जाका रुपमा लिएर तिर्दिन भन्नु ठूलो गलत हो । यसले आम सर्वसाधारणलाई भ्रम फैलाउने काम भइरहेको बताए । यस्ता किसिमका गलत गतिविधिलाई प्रोत्साहन गर्न नहुने भनाई छ । नकारात्मक विषयवस्तुहरु उचाल्ने काम नगर्न पनि आग्रह गरेको छ । छलफल कार्यक्रममा राष्ट्रिय सहकारी महासंघका अध्यक्ष मीनराज कँडेलले सरकारले निजी सार्वजनिक साझेदारी मोडल अगाडि सारेपनि अब सहकारी क्षेत्रलाई पनि त्यसमा समावेश गरिनु पर्ने बताए ।

७४ लाख सदस्य, ७ खर्बभन्दा बढी पूँजी



भएको र ३० हजार बढी सहकारीहरु भएको क्षेत्र सहकारी भएको र अब सहकारीलाई यो मोडेलमा समावेश गराउनु पर्ने कुरामा जोड दिइएको छ । अहिले बाधकका रुपमा रहेका ऐन कानूनलाई फुकाउन सकियो भने काम गर्न धेरै सजिलो हुने र सहकारी क्षेत्रको विकास र विस्तार हुन पनि सघाउ पग्ने धारणा राखेको छ । त्यसले समग्र देशको अर्थतन्त्रमा पनि सहयोग पुग्ने उनको भनाइ छ ।

'सहकारी क्षेत्रले सञ्चालन गरेका चिया, खाद्य, दुध लगायत धेरै उद्योग छन्, पछाडि परेका वर्गको उत्थानका लागि सहकारीले धेरै राम्रो काम गरेका छन् । कृषि उत्पादनलाई बजारीकरणका लागि पनि सहकार्य गर्न आवश्यक छ । कृषिका प्रशोधन उद्योग खोल्न सकिन्छ । पर्यटनको सम्भावना भएका क्षेत्रहरुको पहिचान गरेर मिलेर काम गर्न सकिन्छ, अब सहकारी क्षेत्रलाई यो मोडलमा संलग्न गर्न ढिलाई गर्नु हुँदैन ।'

सहकारी विभागका रजिष्ट्रार नमराज घिमिरेले सरकारले आफ्नो तर्फबाट काम गरिरहेको बताए । अर्थतन्त्रका तीन खम्बामध्ये एउटा खम्बा कमजोर भयो भने अर्थतन्त्र नै कमजोर हुने बताउँदै त्यसका लागि तिनवटै खम्बाहरु बलियो हुनु पर्ने धारणा राखे । यी तिनवटै खम्बाले आ-आफ्नै जिम्मेवारीहरु पूरा गर्नु पर्ने बताए । अब निजी र सार्वजनिकसँगै सहकारीलाई पनि सँगै संलग्न गराएर जानु पर्नेमा सरकार सकारात्मक भएको बताए ।

'निजी क्षेत्रको संलग्नता हुनु भनेको पूँजी निर्माण र पूँजी परिचालनको लागि हो । सरकारले वातावरण सिर्जना गर्ने, अनुगमन र नियमन गर्ने हो । सहकारीलाई सामाजिक परिचालनमा सहभागी गराउनु पर्छ भन्ने हो । सहकारीले लगानीभन्दा पनि सहकार्यमा जोड दिनुपर्छ । सहकारीहरु संगठित हुनु पर्नेमा झन् कमजोर बन्दै गएको होकी भन्ने महशुस सरकारलाई भएको छ ।' सहकारीलाई एकीकृत ढंगबाट कसरी ल्याउन सकिन्छ, सूचनाहरुलाई केन्द्रिकृत गरेर त्यसलाई उपलब्ध गराउने, सहकारीको स्ट्रेन्थ बढाउने विषयमा पनि सरकार काम गरिरहेको छ ।

ऐनले परिकल्पना गरेका कार्यक्रमहरु कार्यान्वयन गरेर अगाडि बढ्नु पर्छ, अब निजी क्षेत्र र सहका प्रतिस्पर्धाभन्दा पनि सहकार्य आवश्यक छ, यसमा सरकार पनि सकारात्मक रहेको छ ।

# कृषि तथा पशुपन्छि विकास मन्त्रालयद्धारा प्रेसित प्रेस विज्ञाप्ति




विषय : रासायनिक मलको अनुदानित मूल्य समायोजन सम्बन्धी प्रेस विज्ञाप्ति

१. नेपालमा रासायनिक मलको व्यवहारिक आवश्यकता ५ लाख २० हजार मे.टन रहेको अनुमान गरिएको छ। लागत सहभागिता कृषिमा कृषकहरुलाई रासायनिक मलमा अनुदान उपलब्ध गराउने प्रयोजनार्थ चालु आव २०७९/०८०/मा रु १५ अर्ब ६ लाख वजेट शुरु विनियोजन भएको र मिति २०७९/०४/२७ मा अर्थ मन्त्रालयबाट रु १६ अर्ब स्रोत सुनिश्चितता र मिति २०७९/११/०८ मा रु ७ अर्ब ५० करोड स्रोत सहमती प्रदान गरि कुल ३८ अर्ब ५० करोड ६ लाख वजेट शुरु विनियोजन भएको छ।

२. चालु आर्थिक वर्षमा विनियोजित र शुरु स्रोत सुनिश्चितता भएको गरि उपलब्ध रु.३१ अर्ब वजेटबाट गरिएको हालसम्म कृषि सामाग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ्ग करपोरेशन लिमिटेडबाट जी(जी विधिबाट भारत सरकारबाट खरिद गरिएको ३० हजार मेट्रिक टन सहित जम्मा ३ लाख ३१ हजार ५०० मेट्रिक टन रासायनिक मलको खरिद व्यवस्था भई हालसम्म करिब २ लाख ३७ हजार ५०० मेट्रिक टन आयत भइसकेको र बाँकी ९४ हजार मेट्रिक टन आयतको क्रममा रहेको अवस्थामा रहेको छ भने आगामी मुल्य सिजनको धानबालीका लागि करिब ९० हजार मेट्रिक टन मल नपुग हुने देखिएको छ। मुख्य बालीको रुपमा रहेको धानको बाली मलको अभाव नहोस् भनि पछिल्लो पटक मिति २०७९/११/०८ मा स्रोत सुनिश्चितता प्राप्त भएको रु.७ अर्ब ५० करोडबाट थप मल व्यवस्था गर्न मन्त्रालय प्रयासरत रहेको छ।

३. अन्तर्राष्ट्रिय स्तरमा रासायनिक मलको मूल्यमा वृद्धि हुनुका साथै विनिमय दरमा भएको वृद्धिले नेपाल सरकारले अनुदानमा उपलबध गराउने मलको लगत मूल्य अत्यधिक रहेको छ। मलको निरन्तर बढ्दा खरिद लागत तर न्यून् बिक्री मूल्यले गर्दा अनुदान रकममा नेपाल सरकारले धेरे नै वजेट खर्चिन पर्ने अवस्था आएको छ। तेकिएको सिमा भित्रको वजेटबाट निरन्तर बढ्दा मूल्यको मल अनुदानमा उपलब्ध गराउनु पर्दा वजेटको आकार निरन्तर बढेता पनि सो अनुपातमा मल आयतको परिमाण वृद्धि हुन सकिरहेको छैन।

४. हाल रासायनिक मलमा दिदै आएको अनुदानको दर ८० प्रतिशतसम्म रहँदै आएको छ। आयात विन्दुमा युरिया रु.१४, प्रति केजी, डिएपी रु ४३, प्रति केजी पोटास रु ३१ प्रतिकेजी बिक्री प्रयोजनका लागि तोकिएको अवस्था छ जसअनुसार पछिल्लो खरिद मूल्यको आधारमा युरियामा करिब ८ प्रतिशत, डिएपी करिब ६० प्रतिशत र पोटासमा करिब ५९ प्रतिशत अनुदान रहँदै आएको छ। उपरोक्तनुसारको अनुदान दरले र विनियोजित

५. प्रस्तुत सन्दर्भमा रासायनिक मलको बढ्दो माग, बढ्दो अन्तर्राष्ट्रिय मूल्य र तदनुसार रासायनिक मलमा बढ्दो अनुदान रकमलाई ध्यानमा राख्दै अर्थ मन्त्रालयको पं.सं. २०७९/०८० चलानी नं.३१२ -३/०७७ मिति २०७९/११/०८ को पत्राअनुसार स्रोत

*नेपाल सरकारले अनुदानमा उपलबध गराउने मलको लगत मूल्य अत्यधिक रहेको छ। मलको निरन्तर बढ्दा खरिद लागत तर न्यून् बिक्री मूल्यले गर्दा अनुदान रकममा नेपाल सरकारले धेरे नै वजेट खर्चिन पर्ने अवस्था आएको छ।*

सुनिश्चित गर्दाको शर्तको रुपमा रासायनिक मलमा दिँदै आएको अनुदानलाई लागतको ५० प्रतिशतमा सीमित राख्न दिएको राय, मलको विगतदेखिको मूल्य वृद्धिदर तथा अमेरिकी डलरको तुलनामा नेपाली मुद्राको विनिमयदरमा आएको कमी नेपाली बजारमा भारतबाट अनौपचारिक रुपमा आयत भएको मलको बिक्री मूल्य, अनुगमनमा क्रममा कृषकहरुले दिएको सुझाव र नेपाल सरकारले यस आवमा विनियोजित तथा स्रोत सुनिस्चित गरेको जम्मा वजेटलाई मध्यनजर गर्दै अनुदानमा उपलब्ध गराउने रासायनिक मलको आयत विन्दुको स्रोत सुनिश्चित गरेको जम्मा वजेटलाई मध्यनजर गर्दै अनुदानमा उपलब्ध गराउने रासायनिक मलको आयत विन्दुको लागि देहाय वमोजिम मूल्य निर्धारण सहित अनुदानित मूल्य समायोजन गर्ने सम्बन्धमा विभागिए मन्त्रीस्तरको मिति २०७९/११/२६को निर्णय अनुसार देहाय वमोजिमको मिति २०७९/११/२९ गते मध्यन्न १२ बजे देखि आयत विन्दु मूल्य कार्यन्वयन हुने गरि मल अपूर्ति तथा वितरण व्यवस्थापन समितिको मिति २०७९ ११/२९ गतेको बैठकबाट निर्णय भएको व्यहोरा जानकारीको लागि अनुरोध छ।

युरिया २५ प्रति केजी, डिएपी रु.५० प्रति केजी, पोटास रु.४० प्रति केजी,

६.रासायनिक मलमा यसअघिको अनुदान र आजको निर्णय अनुसारको अनुदान दर फरक सम्बन्धी विवरण तलको तालिकामा दिइएको छ। जस अनुसार मलमा यस अघि समग्रमा ७०.८२ प्रतिशत अनुदान रहेको मा अब समग्रमा ५९.०४ प्रतिशतमा काम रहेको छ। जस अनुसार साविकको तलुनामा करिब ११.८ प्रतिशत मात्र अनुदानित मूल्य समायोजन हुने देखिन्छ। यस दरलाई अर्थ

# तेस्रो राष्ट्रिय सहकारी महासम्मेलन सम्पन्न

दीक्षा पाण्डे (हिरा)

क ाठमाडौं, २१ चैत्र राष्ट्रिय सहकारी महासंघ र भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको संयुक्त आयोजनामा चैत्र २३, २४ र २५ गते हुने तेस्रो राष्ट्रिय सहकारी महासम्मेलनको तयारी पुरा भएको छ।

राजधानीको होटल याक एण्ड यतिमा आयोजना हुने महासम्मेलनमा देशभरका सहकारीकर्मी, नेपाल सरकारका प्रतिनिधि, प्रदेश सरकारका प्रतिनिधि, स्थानिय तहका प्रतिनिधि, बैंकर्स, गै-रसरकारी संस्थाका प्रतिनिधि, सहकारीका सरोकारवाला निकायका प्रतिनिधिका र विदेशी पाहुनासहित करिब १ हजार जनाको सहभागिता रहने आयोजक सहकारी महासंघले जनाएको छ।

मंगलबार पत्रकार सम्मेलनको आयोजना गर्दै महासंघले महासम्मेलनको सम्पूर्ण तयारी पूरा भइसकेको जानकारी दिएको छ। महासम्मेलनमा सहकारी क्षेत्रको उपलब्धी, सहकारी क्षेत्रमा देखिएको वर्तमान समस्या, समाधानको बाटो, आगामी कार्यदिशाको बारेमा घनिभूत छलफल हुने महासंघका अध्यक्ष मिनराज कडेलले जानकारी दिए। साथै महासम्मेलनबाट सन् २०३० सम्मको कार्यदिशा पनि तय गरिने बताए। दक्षिण एशियाका अन्य देशहरू मध्ये राष्ट्रको विकास प्रकृयामा नेपालको सहकारी अभियानको प्रभाव महत्वपूर्ण रहँदै आएकोले यो महासम्मेलनलाई एसिया प्यासिफिकका देशहरूले समेत महत्व दिएको महासंघका अध्यक्ष कडेलले बताए। महासम्मेलनकै अवसरमा अन्तर्राष्ट्रिय सहकारी महासंघ, एसिया प्रशान्त क्षेत्र र नेडाकको बोर्ड बैठक समेत काठमाडौँमा हुने अध्यक्ष कडेलले बताए।

महासम्मेलनको उद्घाटन चैत २३ गते ( बिहीबार) प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ र समापन चैत २५ गते (शनिबार) पूर्व प्रधानमन्त्री एवंम् नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले गर्ने कार्यक्रम तय भएको महासंघका महाप्रबन्धक चित्राकुमारी थामसुहाङ सुब्बाले जानकारी दिईन। महासम्मेलनमा ११ वटा विषयमा व्यापक छलफल गरी घोषणा पत्र जारी गरिने महाप्रबन्धक सुब्बाले बताईन।




महासम्मेलनमा कृषि तथा वन विश्वविद्यालयका उपकुलपति प्रा.डा. पुण्यप्रसाद रेग्मी, नेपाल राष्ट्र बैंकका निर्देशक डा. रामशरण खरेल, बैंकर अनिल केशरी शाह, राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष डा. गोविन्द राज पोखरेल र राष्ट्रिय सहकारी महासंघका महाप्रबन्धक चित्रा थाम्सुहाङले विभिन्न विषयमा कार्यपत्र प्रस्तुत गर्ने छन्। यसैगरी महासम्मेलनमा भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयका सचिव डा. दामोदर रेग्मी, नेपाल सरकारका पूर्व अर्थसचिव रामेश्वर खनाल, पूर्व अर्थ सचिव सुरेन्द्र पाण्डे र उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिव राधिका अर्यालले पनि कार्यपत्र प्रस्तुत गर्ने महासंघले जनाएको छ।

यस्तै महासम्मेलनमा अन्तर्राष्ट्रिय सहकारी अभियानको तर्फबाट विजनेस काउन्सिल अफ कोअपरेटिभ एण्ड म्युचलका प्रमुख कार्यकारी अधिकृत मेलिना मोरिसन, आईसीए एपीका क्षेत्रीय निर्देशक बालु एयर र जेए जेन्चु जापानका सिनियर म्यानेजर टोक्यो इचियाले विभिन्न विषयमा कार्यपत्र प्रस्तुत गर्ने कार्यक्रम रहेको महासंघले जनाएको छ। नेपालको सहकारी अभियानको शीर्षस्थ निकाय राष्ट्रिय सहकारी महासंघले प्रत्येक ५/५ वर्षमा राष्ट्रिय सहकारी महासम्मेलन गर्दै आएको छ।

---

| | | | | |
|---|---|---|---|---|
| युरिया ५६ | १४ | ८०.८१२५ | ६४.४९१५. ६३ | |
| डिएपी ४२ | ४३ | ५९.०४५० | ५२.३८ ६.६७ ११ | |
| पोटास २ | ३१ | ५८.२ ४० | ४६.०९१२.१३ ८३ | |
| जम्मा १०० | समग्र ७०.८२ | ५९.०४ | समग्र ११.७८ | |

मन्त्रालयको निदेशन अनुसार क्रमश ५० प्रतिशत सम्म गर्दै लगिने छ।

मलको प्रकार कूल आयातमा हिस्सा
(प्रतिशत) २०७९/११/२६
अघिको बिक्री मूल्य प्रति केजी अ न ु द ा न प्रतिशतमिति २०७९ ११/२६
निर्णय अनुसार कायम हुने बिक्री मूल्य प्रति केजी अनुदान प्रतिशत आ ज क ो निर्णय साविकको तुलनामा न्यून् हुने आनुदान प्रतिशत

७. अनुदानित मल आवश्यकता अनुसार उपलब्ध हुन नसक्दा कृषकहरुले कमसल तथा महँगो मल खरिद गर्नु पर्ने वाध्यता रहेको र अनुदानित मल सस्तो भएकाले कालोबजारी गरेको गुनासो समेत सम्वोधन गर्न यस निर्णयले मद्दत पुग्ने।

८. साथै यस निर्णय हुनुपूर्व सहकारी डिलरहरुले कृषि सामाग्री कम्पनी लि.र साल्ट ट्रेडिङ्ग करपोरेशन लि.बाट साविकको मूल्यमा खरिद गरेको मल साविकै अनुदानित मूल्य वमोजिम मलको बिक्री वितरण व्यवस्थापनका लागि संघीय मामिला तथा सामान्य प्रशाशन मन्त्रालय मार्फत सबै स्थानीय तहहरुलाई र उक्त मूल्य वमोजिम मलको बिक्री वितरण र मूल्य अनुगमनका लागि गृह मन्त्रालयमार्फत सबै जिल्ला प्रशासन कार्यालयहरुलाई अनुरोध गर्ने समेत मल आपुर्ति तथा वितरण व्यवस्थापन समितिको मिति २०७९ जानकारीको लागि अनुरोध छ।

*प्रकाशकुमार सञ्जेल*
*सह-सचिव प्रवक्ता*

# २४ औं पुष्प मेला २०७९ सम्पन्न स्वचछ वातावरण तथा आर्थिक सम्वृद्धिको लागि पुष्प व्यवसाय

**सरस्वती मानन्धर**

काठमाडौं चैत्र १७ नेपाल सरकार माननीय उप-प्रधानमन्त्री नारानकाजी श्रेष्ठको प्रमुख आतिथ्यमा २४ औं पुष्प मेला २०७९ सम्पन्न भएको छ । कार्यक्रमका प्रमुख अतिथि उप( प्रधानमन्त्री नारानकाजी श्रेष्ठले जनताको जीवनस्तर उकास्ने गरि संविधानको कार्यन्वयन भईरहेको बताए । विकास समृद्धि मार्फत जनताको जीवन फेर्नु पर्छ भन्ने हो । जनताको अपेक्षा अनुरुप हस्तक्षेपकारी अर्थतन्त्रका विकास गरेर अगाडि बढ्दै अर्थतन्त्रलाई गतिमान बनाउन सकारात्मक रुपमा सरकार सहमत छ । ३ खम्वे अर्थ नीति संविधानले किटान गरेको विषय रहेकाले समुदायको उन्नति र प्रगतिको लागि सामुहिक क्षेत्र निजी क्षेत्रको रुपमा मात्र लिएका छैन । प्राथमिकताको आधारमा निजी क्षेत्रको कार्यक्रमलाई कार्यन्वयन तर्फ लानेछौं ।

सरकारले गर्ने काम कहाँ चुक्को भनेर ठोस समीक्षा गर्नु पर्छ भनेर निर्देशन दिइसकेको छ । यो आवशकता छ भन्ने देखेपछि निर्णय गर्नेछौं यथास्थिति प्रति सरकारको स्वीकार्य छैन । सरकारले पूँजीगत खर्च बढाउने, व्यापार घाटा कम गर्ने उद्देश्य लिएको छ । उत्पादन नबढाई केही गरेर सम्भव छैन । छलफल गरि उत्पादनमा नगइकन उन्नतिको सम्भव छैन । आयत प्रर्तिस्थापन उत्पादनको वृद्धि नै हो । त्यसबाट व्यापार घाटा कम गर्न सकिन्छ ।

पुष्प व्यवसायको क्षेत्रमा जे छ निर्यात वृद्धि र उत्पादन वृद्धिमा जोडदिनु पर्छ ।

समारोहमा स्वागत मन्तत्व राख्दै पुष्प मेला संयोजक शिव बहादुर खड्काले हाल फुल व्यवसाय १७८ हेक्टर जमीनमा रहेको, ७३२ व्यवसायी सहभागी भएको, ७ अर्वका लगानी रहेको बताएको छ । कोभिड-१९ अघि ३ अर्वको कारोवार पछि २ अर्व खुम्चको जानकारी पनि दिएको छ । २०७४ पछि देश संघीयतामा गएपनि कृषि क्षेत्र पछाडि परेको, आयत ३६ करोड रहेको, खुल्ला नाकाको कारण भन्सारमा चोरी पैठारी बढेको, ठूलो परिमाणमा अघोषित रुपमा फूल आयत भएको, खुला नाकाबाट आयत बढ्दा लगानी कम भएको, यही क्रम बढ्दै जादाँ पुष्प



*प्लान्ट क्वारेन्टाइन, विषादी व्यवस्थापन केन्द्रले प्रभावकारी काम नगरेको देखिन्छ । भन्सार २४ घण्टा खुल्ला हुने, प्लान्ट क्वारेनटाइन १०-५ बजे मात्र सीमित हुँदा पनि समस्या आएको हो । २४ घण्टा खुल्ला गरिदिन अनुरोध गरेको छु ।*

व्यवसाय १० प्रतिशत झर्नसक्ने चेतावनी दिएको छ ।

प्लान्ट क्वारेन्टाइन, विषादी व्यवस्थापन केन्द्रले प्रभावकारी काम नगरेको देखिन्छ । भन्सार २४ घण्टा खुल्ला हुने, प्लान्ट क्वारेनटाइन १०-५ बजे मात्र सीमित हुँदा पनि समस्या आएको हो । २४ घण्टा खुल्ला गरिदिन अनुरोध गरेको छु । नेपाल सरकारका पुष्प निकाय हेर्ने एउटै मात्र रहेकोले बढाउन पर्ने जोडदिदै पूर्व कृषि सचिव युवक ध्वज जिसीले भन्सारमा प्लान्ट क्वारेन्टाईनलाई २४ घण्टा नै सक्रिय बनाउने प्रयास गरेका थिए । र फूल व्यवसायलाई संघीयतामा लान गरेको प्रयास कार्यन्वयन नभएको, र प्रर्याप्त कर्मचारी व्यवस्था वजेटको अभाव रहेको बताए ।

नयाँ जातको फूलको विकास, व्यवस्थापन र अनुसन्धान गर्ने प्रयासहरु नगरेको, पुष्प विकास केन्द्रलाई संघमा गाभ्ने अनुरोध मन्त्री परिषद् मार्फत जाने निर्णय गर्ने योजना रहेको, पुष्प व्यवसाय विकास समिति बनाई पेश गर्ने योजना रहेको, नीति परिमार्जनमा सहयोगको अपेक्षा गरेको, तत् कार्यहरु कृषि विकास बैंकको समन्वयमा गर्न आग्रह गरेको छ ।

पुष्प व्यवसाय क्षेत्र ८० प्रतिशत भन्दा बढी पूर्वाधारमा लगानी गर्नु पर्ने क्षेत्र भएकाले ५ वर्षको ऋणको अवधी रहेकोमा १० वर्ष पुऱ्याउनु पर्ने कुरामा जोड दिइएको छ । महिला उद्यमीका लागि विना धितो कर्जा प्रवाह गर्न आग्रह गरेको छ । सहकारीहरु घर जग्गामा लगानी गर्दा डुबेको अवस्था छ । लगानी गरेको पैसा लिएर पुष्प व्यवसायका साना उद्यमी भाग्दैन ।

प्रदर्शनीमा ४ सय प्रजाति भन्दा बढी फूल र विरुवाहरु प्रदर्शनीमा रहेका छन् ।

उद्योग वाणिज्य महासंघका उपाध्यक्ष चन्द्र ढकालले घरेलु उत्पादनमा प्राथमिकता दिन आग्रह गरेका छन् । ब्यालेन्स अफ पेमेन्टमा यो व्यवसायमा राम्रो रहेकाले लगानीको माध्यमबाट घरेलु उत्पादनलाई प्राथमिकता दिनुपर्ने कुरामा जोड दिए । पुष्प व्यवसायीहरुको व्यवसायिक भुमिका प्रति पुष्प व्यवसायीहरुलाई उत्तरोत्तर प्रगतिको कामना सहित धन्यवाद दिए । ढकालले जोड दिदै भने निजी क्षेत्रको ईस्यु त्यस्तो नभई देशको

समृद्धिको लागि रहेको बताए । भौतिक पूर्वाधार विकासमा आफ्नो क्षेत्रको विकास भन्दा बाहिर नभएको बताए । निजी क्षेत्रको सवालमा कोभिड-१९ पछि दिएको सुझावहरु समयमा कार्यन्वयनमा लगेन । सुझाव दिएका विषयहरुमा प्राथमिकता नपाउँदा समस्या विकराल बन्दै गएको बताएको छ। कमी कमजोरी कहाँभयो भनेर समीक्षा गर्न जरुरी छ। सरकारलाई समेत व्यवसायिक रुपमा खर्च चलाउन राजश्व समेत नउठेको अवस्था छ। तत्कालीन रुपमा हेर्दा निजी क्षेत्रमा त्यस्तो देखिए पनि दीर्घकालीन अवस्थामा त्यस्तो हुँदैन । फ्लोरा प्रदर्शनीको घरेलु उत्पादनमा जोड दिनुपर्ने सन्देश दिएको छ ।

मेलाका विशेष अतिथि वन तथा वातावरण मन्त्रालयका सचिव कुष्णहरि पौडलले पुष्प व्यवसायीबाट गरिवी निवारणमा सहयोग पुऱ्याएको छ। वन मन्त्रालयले बाटोघाटो साजसजाको लागि पुष्प व्यवसायीहरुसँग सहकार्य गर्दै आएको छ । वनस्पति विभाग, तत्कालीन शाही उद्यान थियो । त्यस उद्यान केन्द्रको माध्यमबाट पहिलो पटक पुष्प प्रदर्शनीको शुरुवात भएको थियो । त्यसको शुरुवातीको निरन्तरताको परिणाम स्वरुप आज व्यवसायिक रुपलिन सफल भएको बताए । ''पुष्प व्यवसायीको व्यवसायिक प्रदर्शनीले निरन्तरता दिंदै आएको छ ।'' मौलिक फूल विरुवा अध्ययन वसन्त ॠतुको आगमनसँगै कार्यक्रम हुने गरेको छ ।

कृषि विकास मन्त्रालयका कृषि सचिव गोविन्द शर्माले निजी क्षेत्रको सक्रियता माथि आफ्नो कुनै शंका नभएको बताउँदै आफ्नो मन्त्रालय मार्फत सरकारले गर्ने सहयोग पुऱ्याउने वचन दिएका छन् । शर्माले २ अर्ब ६४ करोड कारोवार भएकोमा सवा २ करोडमा खुम्चिएको बताउँदै संघ मार्फत हुनुपर्ने व्यवसायीको माग प्रति मन्त्रालय सकारात्मक रहेको बताए । प्रविधि परिक्षण संघ सरकार अन्तर्गत हुनुपर्छ भनेर लागेको छ । भारतबाट आयातित अनाधिकृत रुपमा आउने फूलबाट व्यवसायीहरुलाई असर पुऱ्याएको छ । भन्सारमा रहने प्लान्ट क्वारेन्टाईनहरु १० देखि ५ बाट २४ सै घण्टा खुल्ने व्यवस्था र व्यवसायीहरुको ॠण तथा लगानी सम्बन्धमा ५ वर्ष भित्र चुक्ता गर्नु पर्ने प्रावधानलाई सुधार गरि अवधी बढाउनु पनि आफू सहमत रहेको बताए । त्यसो गर्दा व्याजदर घट्छ समयको दर बढ्दा ॠण तिर्न समय बढ्छ । नर्सरी गुणस्तर बनाउन विषयमा छलफल गरि आउने नियमावालीमा समावेश गरि लैजाने छौं ।

पुष्प व्यवसायको विकास विस्तार तथा प्रवर्द्धनको लागि फ्लोरिकल्चर एशोसिएसन नेपालले हरेक वर्ष क्षेत्रीय, राष्ट्रिय पुष्प मेला आयोजना गर्दै आईरहेको छ । यसै सन्दर्भमा काठमाडौं भृकुटी मण्डपमा २४ औं फ्लोरा एक्स्पो सम्पन्न गरेको छ ।

फ्लोरिकल्चर एशोसिएसन नेपालले आयोजना गरेको उक्त प्रदर्शनीमा, पुष्प वकास केन्द्रको सह(आयोजनामा यही २०७९ चैत्र १७ देखि २० गते, मार्च ३१ देखि अप्रिल ३ तारिख २०२३ सम्म ४ दिने २४ औं फ्लोरा एक्स्पो भृकुटी मण्डप प्रदर्शन हल काठमाडौं सम्पन्न हुने भएको थियो । यस मेलामा ''स्वच्छ वातावरण तथा आर्थिक समृद्धिका लागि पुष्प व्यवसाय'' भन्ने मूल नारा रहेको उक्त पुष्प व्यवसाय प्रदर्शनीको सम्पन्न भएको छ ।

२४ औं फुलोरा एक्स्पो स्टलमा व्यवसायीका स्टल ६२, ल्याण्डस्केपिङ्ग स्टल ३, अफिसिएली १०, प्रतियोतात्मक स्टल ३, २ फुड स्टल, सहित जम्मा ८० वटा स्टल रहेका थिए । मेलामा मौसमी फुल फूल्ने तथा नफूल्ने आलंकारिक बोट बिरुवाहरु, कट फ्लावर, ड्राई फ्लावर, सुनाखरी, कम्पोष्ट मल, फूलको गानो, बिउ विजन, ग्रीन हाउस, कृषि ओजार, उपकरण, प्याकेजिङ्गका सामाग्रीहरु, सुक्ष्म तथा थोपा सिँचाई प्रविधि, आधुनिक पुष्प खेती प्रविधि, जैविक विषादी, पुष्प सजावटाका प्रदर्शनी तथा बिक्री कक्षा रहेका थिए । र त्यस मेलामा पुष्प नर्सरी, पुष्प फर्म, पुष्प तथा पुष्पजन्य आपूतिकर्ता, पुष्प व्यवसायीहरुको सहभागीता थिए । मेलामा सहभागी भएको विभिन्न पुष्प व्यवसायीद्वारा उत्पादित फुल बिरुवाहरु बीच स्वच्छ र प्रतिस्पर्धा गराई विभिन्न विधाहरुमा प्रथम हुने पुष्प व्यवसासीहरुलाई नगद, सिल्ड तथा प्रमाणपत्रद्धारा पुरस्कृत प्रदान गरेका थिए । लामो समयदेखि निरन्तर रुपमा पुष्प व्यवसायको क्षेत्रमा योगदान पुऱ्याएका पुष्प नर्सरी छनौट गरि उक्त नर्सरीलाई कदर पत्रद्धारा सम्मान गरेका थिए ।

यस प्रदर्शनमा पुष्प उद्यमी, व्यवसायिक कम्पनीहरुका लागि पुष्प तथा पुष्पजन्य वस्तुको आफ्नो बजार विस्तार गर्न सूचना तथा नयाँ प्रजातिको विकास र गुणस्तर उत्पादनको क्षेत्रमा भएको प्रगति बारे ग्राहकहरुलाई जानकारी गराएका थिए । उक्त प्रदर्शनी कार्यक्रममा ग्राहकका आवश्यकता थाहा पाउने, बजार सर्वेक्षण गर्ने, पुष्प सम्बन्धी नयाँ विकास भएको उत्पादनहरुलाई सार्वजनिक गर्न र ग्राहक उपभोक्ताहरुसँग आपसी सम्बन्ध स्थापना गर्न अभूतपुर्व अवसर रहेको अध्यक्ष मीनबहादुर तामाङले बताए । यसको साथै घर आँगन सजाउने ज्ञान, शिप हासिल गर्न अध्ययन, अनुसन्धान गर्न चाहने व्यक्ति, संघ संस्थाहरुलाई २४ औं फ्लोरा एक्स्पोबाट महत्वपूर्ण शिक्षा प्रदान गर्न सफल रहेको व्यवसायीहरुबाट व्यक्त भएका छन् । गत वर्षमा कोभिड-१९ महामारीको समयमा आयोजना गरिएको २३ औं फ्लोरा एक्स्पोमा ४७ हजार अवलोकनकर्ताद्धारा अवलोकन गरेको र करिव ७५ लाख व्यवसायिक कारोवार पुग्ने अनुमान गरिएको थियो ।


## हार्दिक अपिल ! हार्दिक अपिल !!

रेल मार्ग विकास गर्दै देशको आर्थिक सामाजिक उत्थानमा टेवा पुऱ्याउने उद्देश्यका साथ मुख्यतः पूर्वपश्चिम रेलमार्ग छिमेकी राष्ट्र भारत र चीनसँग अन्तर्देशीय रेलमार्गहरुको निर्माण कार्य रेल विभागबाट हुँदै आइरहेको छ । रेलमार्ग निमार्णलाई छिटो सम्पन्न गरी जनतालाई सुर्वसुलभ यातायात सेवा प्रदान गर्ने कार्यमा सहयोग गर्न रेल मार्गमा घर टहरा हटाईदिने, मुआवजा रकम समयमै बुझिदिने कार्य गरिदिनुहुन हार्दिक अनुरोध छ ।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
रेल विभाग

# राष्ट्रिय सहकारी महासंघको महासम्मेलन २०७९

## स्टेक होल्डरसँग छलफल गरि रोडम्याप तयार गर्छौं : अध्यक्ष कँडेल



धनबहादुर मगर

काठमाडौं चैत्र २१ राष्ट्रिय सहकारी महासंघको आयोजनामा दरवारमार्गस्थित होटेल याक एण्ड यतीको सभाहलमा पत्रकार सम्मेलन गरी महासम्मेलनको तयारी बारे जानकारी दिइएको छ ।

राष्ट्रिय सहकारी महासंघका अध्यक्ष मिनराज कँडेलले पत्रकारहरुको प्रश्नमा वचत तथा कर्जा कोषको विषयमा छलफल गर्ने छुट्टै विषय नराखेर समग्रमा छलफल गर्ने भएको बताए । मुल समस्या तरलताको अभाव देखा परेको छ । केही सहकारीमा शंका पैदा हुने वित्तिकि विथड्र गर्ने बढेपछि समस्या देखिएको हो । जनविश्वासको विषयमा ठोस रुपमा अगाडि बढ्ने छ । सहारीमा गलत ढंगले भित्रिने पैसाको विषय पनि उठेकाले सुभावहरु लिएर निष्कर्षमा पुग्ने छौं । वर्तमानमा देखा परेको समस्या सन् २०३० सम्म पुग्ने सहकारी रुपरेखा प्रस्तुत गर्छौं । सातै प्रदेशका सहकारी हेर्ने सहभागीहरुसँगको छलफललाई जोड दिन्छौं । र स्टेक होल्डरसँग छलपल भएपछि सहकारीको रोडम्याप सुनिश्चित गर्छौं ।

विकास न्यूजका सन्तोष रोकाय, अन्नपूर्ण पोष्टका तुलसी सुवेदी, अनलाइन खबरका विजय पुराजुलीले व्याजदरमा सुधार, सहकारी समस्या, सहकारी अभियानको पब्लिक जनविश्वास, र विगतको सम्मोलनबाट गरेका निर्णयहरुको कार्यन्वयन विषयका प्रस्न उठाएका थिए ।

उक्त विषय भोली देखि चैत्र २३ गतेदेखि २५ गते सम्म काठमाडौंमा हुने महासम्मेलनको तयारीको बारेमा जानकारी गराइएको छ । राष्ट्रिय सहकारी महासंघका महाप्रवन्धक चित्राकुमारी थाम्सुहाङ्ग सुब्बाद्धारा हस्ताक्षरित विज्ञाप्तिमा जनाएको हो ।

प्रेस विज्ञाप्ति

नेपालको सहकारी अभियानको शीर्षथ निकाय राष्ट्रिय सहकारी महासंघ लि. र भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयको संयुक्त आयोजनामा प्रत्येक ५/५ वर्षमा राष्ट्रिय सहकारी महासघको महासम्मेलन हुँदै आएको व्यहारो यहाहरुलाई जानकारी गराछौं । यसै सन्दर्भमा २०७९ साल चैत्र २३ गते देखि २५ गतेसम्म होटेल याक एण्ड यतीमा तिनै तहको सरकारको प्रतिनिधी, जनप्रतिनिधी, सातै प्रदेशका सहकारीकर्मी, निजी क्षेत्रका प्रतिनिधी, गैरसरकारी संघका सरकार संघ संस्थाका प्रतिनिधीहरु विश्व विद्यलयको प्राध्यापकहरु बैंकर्स र अन्तर्राष्ट्रिय सहकारी अभियन्ताहरुको समेत बाक्लो उपस्थितिमा सहकारीको दिगोपनाका लागि स्वनियमन तथा शुशासन भन्ने थिमका साथ हुने तेस्रो राष्ट्रिय महासम्मेलनको सम्पुर्ण तयारी पूरा भइको जानकारी गराउँदछौं ।

दक्षिण एसियाका अरु देशहरुमध्ये राष्ट्रको विकास प्रकृयामा नेपालको सहकारी अभियानको प्रभाव महत्वपूर्ण रहँदै आएकोले यस महासम्मेलनलाई एशिया प्यासिफिकका देशहरुले समेत महत्व दिइरहेका छन् । जसका कारण अन्तर्राष्ट्रिय सहकारी महासंघ एशिया प्रशान्त क्षेत्र नेडाकको बैठक समेत महासम्मेनको अवसर पारेर काठमाडौंमा नै आयोजना हुँदैछ । महासम्मेलनको उद्घाटन मिति चेत्र २३ गते २ बजे सम्मानीय प्रधानमन्त्री पुष्प कमल दाहालले प्रचण्डले गर्नु हुनेछ भने समापन मिति २०७९ चैत्र २५ गते पूर्व प्रधानमन्त्री माननीय केपी शर्मा ओलीज्युले गर्नु कार्यक्रम रहेको छ ।

नेपाल राष्ट्र बैकका गभर्नर महाप्रसाद अधिकारी उद्घाटन सत्रमा नेपालको अर्थतन्त्र सहकारीको विषयमा मुख्य वक्ताको रुपमा सम्वोधन गर्ने कार्यक्रम समेत साथै अन्तर्राष्ट्रिय सहकारी महासंघका अध्यक्ष एरियल ग्वार्कोले भर्चुअल रुपमा महासम्मेलनलाई सम्वोधन गर्नु हुनेछ । त्यसैगरि अन्तर्राष्ट्रिय सहकारी महासंघ एशिया प्रशान्त क्षेत्रका अध्यक्ष चन्द्रपाल सिंह यादव, अल चाइना फेडरेशन अफ सप्लाई एण्ड मार्केटिङ्ग कोअपरिभिट लि.का उपाध्यक्ष काई भनेहोंग, नेशनल एग्रीकल्चर कोअपरेटिभ फेडरेशन अफ दक्षिण कोरियाका उपाध्यक्ष जे सिक लि., जापानिज कन्जुफा कोअपरेटिभ युनियनको उपाध्यक्ष सितोसे अराई, नेडाकका अध्यक्ष तथा आइएस एमडी पंकज कुमार बन्स्याल समेत महासम्मेलनमा सहभागी हुने छ । महासम्मेलनमा करिब १ हजार जनाको सहभागीता रहने छ । जनाएको छ ।

महासम्मेलनमा ११ वटा विषयमा व्यापाक छलफल हुनेछ । जसमा पूर्व अर्थमन्त्रीहरु पूर्व गर्भनर, सचिवहरु सहित अन्तर्राष्ट्रिय सहकारी विज्ञाहरुको प्रस्तुल रहने छ । महासम्मेलनमा अष्टेलिया, जापान, भारत, लगायत विज्ञाहरुको पनि महत्वपूण प्रस्तुती रहेको छ । ७३ लाख भन्दा बढी सदस्यहरु आवद्ध रहेको नेपाली सहकारी अभियानका ५६ प्रतिशत महिला रहेका छन् । र १ लाख भन्दा बढी जनाले प्रत्यक्ष रुपमा रोजगारी प्राप्त गरि रहेको नेपालको सबैभन्दा बृहद सञ्जाल विस्तार भएको सहकारी क्षेत्रको योगदानहरुलाई संस्थागत गर्दै वर्तमान वित्तीय प्रणालीमा देखिएको संकटका मुद्दाहरुको सम्वोधन गर्नुका साथै महासम्मेलन सन् २०३० सम्मको लागि अभियानको स्पष्ट रणनीति गन्तव्य तया गर्ने ।

नेपालमा ३०,८७९ प्रारम्भिक सहकारी संस्था, ३११ जिल्ला स्तरीय सहकारी संघहरु, ९ प्रदेश स्तरीय सहकारी संघहरु र सहकारीको मुटुको रुपमा रहेको स्वनियमन र सुशासनको प्रवर्द्धनका लागि महासम्मेलन कोशे ढुंगा सावित हुने विश्वास लिएका छौं । निकाय क्षेत्रका आधारमा १२५ वटा सहकारी मात्र संघीय सरकारको क्षेत्रधिकार भित्र, प्रदेश सरकारको क्षेत्रधिकार भित्र र बाँकी सबै करिब २४ हजार स्थानीय सरकारको क्षेत्रधिकार भित्र रहेकोले स्थानीय तहमा सहकारीको नियमन प्रवर्द्धनमा विशेष कार्य गर्नका लागि समेत यस महासम्मेलनबाट महत्वपुर्ण सन्देश प्रवाह हुने छ ।

महासम्मेलनलाई भव्य रुपमा सम्पन्न गर्नका लागि सह-आयोजक रुपमा राष्ट्रिय सहकारी

बैंक लि. नेपाल, नेपाल वचत तथा ऋण संघ केन्द्रीय सहकारी संघ (नेफ्स्कुन), साना किसान विकास लघुवित्त वित्तीय संस्था लिं. हेफर इन्टरनेशनल, नेपाल सहारा साकोस झापा, नेपाल इन्भेष्टमेन्ट मेगा बैंक, प्रभा कोअपरेटिभ सर्भिस रहेका छन् । साथै महासम्मेलनको एकेडेमिक पार्टनरका रुपमा काठमाडौं विश्व विद्यालय, डिजिटल पार्टनरका रुपमा इन्फोभेडलपर्स प्रा.लि, इन्स्यूरेन्स पार्टनरका रुपमा सिटिजन लाइफ इन्स्यूरेन्स, मिडिया पार्टनरको रुपमा नेपाल सहकारी पत्रकार समाज, टिकेटिङ्ग पार्टनरको रुपमा खल्ती रहेको छ ।

यसै महासम्मेलनलाई राष्ट्रिय सहकारी विकास बोर्ड, भैरव टेक्नोलोजी, फष्ट माइक्रोफाइनान्स लघुवित्त संस्था लि, युएसएड नेपाल, गुडनेवोर्स इन्टरनेशनल, कुमारी बैंक लिमिटेड, कृषि विकास बैंक लिमिटेड, नविल बैंक लिमिटेड र नेपाल टेलिकमले सहयोग गरिरहेका छन् ।

तिन दिनसम्म चल्ने महासम्मेलनमा निम्न व्यक्तित्वहरुले निम्न अनुसारको विषयमा प्रस्तुती गर्नु हने छ ।

प्रस्तुत हुने विषयमहरु सहकारीको लागि प्रभावकारी लोकतान्त्रिक शासन पद्धति रामेश्वर खनाल, पूर्व अर्थ सचिव नेपाल सरकार, सहकारी पहिचानको गहिराइले सुन्दर विश्व निर्माण गर्दछ महान सन्देश मेलिना मोरिसन, प्रमुख कार्यकारी अधिकृत, बिजिनेश काउन्सिल अफ को-अपरेटिभ एण्ड म्युचल बालु एयर क्षेत्रीय निर्देशक आईसीए एपी, सहकारीको स्वनियमन र शासनको ढाँचा दर्शन र कानूनको सन्दर्भमा डा.डामोदर रेग्मी, सचिव, भूमि व्यवस्था तथा गरिवी निवारण मन्त्रालय,

सहकारी सेवामा डिजिटल नविनता पूर्व अर्थ मन्त्री सुरेन्द्र पाण्डे, सहकारी एकीकरण ठूलो सोचौं, ठूलो बनौं इचिया, सिनियर म्यानेजर, जेए जेन्चु जापान, महिला तथा युवा सन्दर्भमा सहकारीमा आर्थिक र सामाजिक समावेशीकरण राधिका अर्याल सह-सचिव, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, तरलता व्यवस्थापन र नेपालमा सहकारीको भविष्य डा.रामशरण खरेल निर्देशक मोद्रिक व्यवस्थापन विभाग नेपाल राष्ट्र बैंक, विश्व सहकारी अभियान दिगो विकास लक्ष्य गोविन्दराज पोखरेल पूर्व उपाध्यक्ष राष्ट्रिय योजना आयोग, विश्वमा बदलिँदो कार्य वातावरण संस्थागत सफलताको आधार अनिल केशरी शाह, बैंकर्स, नेपालमो जलवायू अनुकूल कृषि सहकारी प्रा.डा.पुन्य प्रसाद रेग्मी उपकुलपति कृषि तथा वन विश्व विद्यालय, नेपालमा सहकारी अभियान भिजन २०३० चित्राकुमारी थाम्सुहाङ सुब्बा, महाप्रबन्धक राष्ट्रिय सहकारी महासंघ लि, प्यानल छलफल मिनराज कँडेल अध्यक्ष राष्ट्रिय सहकारी महासंघ लि, चन्द्रढकाल उपाध्यक्ष एफएनसीसीआई, नमराज घिमिरेर रजिष्ट्रार सहकारी विभाग लगायतबाट कार्यपत्र प्रस्तुत गर्ने जनाएको छ ।

तेस्रो राष्ट्रिय सहकारी महासम्मेलन स्टेरिङ्ग कमिटीका सदस्य सचिव राष्ट्रिय सहकारी महासंघ लि महाप्रवन्धक चित्राकुमारी थाम्सुहाङ सुब्बाद्धारा प्रेसित विज्ञाप्तिमा जनाएको छ ।

# मलको अभाव सम्बन्धी सरोकारवाला बीच छलफल

**सुमन ढुंगाना :**

काठमाडौं चैत्र १५ खेतीपातीको समय नजिकिँदै गर्दा रासायनिक मलको अभावले किसानलाई बर्षेनी सास्ती हुने गरेको छ । मल आवश्यक पर्ने बेला सरकारले जहिल्यै मलको व्यवस्थापन गर्न सकिरहेको हुँदैन । रासायनिक मलको कुरा चल्दा स्वदेशमै मल उत्पादन कारखाना खोल्ने कुराले पनि चर्चा पाउने गरेको छ ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालय, कृषि विकास महाशाखाका सह(सचिव डा.राजेन्द्रप्रसाद मिश्रका अनुसार नेपालमा मल कारखाना खोल्ने कार्यक्रम लगानी बोर्डमा थप अध्ययनका क्रममा रहेको छ । मुलुकमा विद्युत् उत्पादन बढिरहेकाले वाटर इलेक्ट्रोलाइसिस प्रविधि प्रयोग गरेर रासायनिक मल उत्पादन गर्न सकिनेबारे अध्ययन भएको जानकारी दिएका छन् ।

रासायनिक मल उद्योग स्थापना गर्दा प्राकृतिक ग्याँसको प्रयोगको विकल्पमा वाटर इलेक्ट्रोलाइसिसको प्रस्तावसमेत गरिएको छ । जसका लागि साना कम्पनी (निजी) लाई प्रोत्साहन गर्न सकियो भने मलको उपलब्धतामा केही सहजता हुने छलफलमा बताइएको छ ।

कृषि सामग्री कम्पनी लिमिटेडका कायममुकायम प्रबन्धक विष्णुप्रसाद पोखरेलका अनुसार १० हजार मेट्रिक टन डीएपी आयातका क्रममा रहेको, १० हजार मे.टन गोदाममा मौज्दात भएको, साल्ट ट्रेडिङमा ३४ हजार ६ सय मे.टन मलको मौज्दात रहेको, २६ हजार ५ सय मे.टन लोडिङका क्रममा रहेको, अब दिनमा ६१ हजार मे.टन मल नेपाल आइपुग्ने छ । जसका लागि २५ हजार मे. टन डीएपीको टेण्डर भइसकेको जनाएको छ । २७ हजार मेटनको चैत २७ मा टेण्डर हुने जनाइएको छ ।

हाल नेपालमा ७ लाख मेट्रिक टन रासायनिक मलको आवश्यकता रहेको जनाएको छ । कम प्रयोग गर्दा पनि ५ लाख २० हजार मेटन आवश्यक पर्न जान्छ । नेपालमा बिक्रम सम्वत २०२२ मा कृषि सप्लाई संस्थान स्थापना भएपछि निरन्तर मलको आयत हुँदै आएको छ । मल बैशाखदेखि भदौसम्म ५६ प्रतिशत र असोजदेखि चैतसम्म ४४ प्रतिशत मलको खपत हुने गरेको जनाएको छ ।

नेपालमा रासायनिक मल व्यवस्थापनको अवस्था र सुधारका उपायहरूबारेको कार्यक्रममा कार्यपत्र प्रस्तुत गर्दै मिश्रले हालसम्म ३ लाख ३१ हजार मेटन मल खरीद भएको बताएका छन् ।

नेपालबाट ठेक्का भएको दिनदेखि नाकामा मल आइपुग्न २२६.८ दिन लाग्ने गरेको मिश्रले बताएका छन् । भारतमा २० देखि २१ दिन मात्र लाग्छ । जेठलाई चाहिने मलको टेण्डर मंसीरमा गरिसक्नुपर्छ । कलकत्ताबाट दैनिक २ हजार ५ सय मेट्रिक टन ढुवानी गर्न सकियो भने मासिक रूपमा ४० देखि ५० हजार मे.टन मल उपलब्ध हुने र त्यसले मात्र आगामी दिनमा किसानलाई उपलब्ध गराउन सकिने छलफलमा उठेको छ ।

कृषि सामग्री कम्पनीले विगत १० वर्षदेखि ऐनमा संशोधन हुनुपर्ने भन्दै आइरहेको छ । तर, त्यसमा कसैले चासो नदेखाएकाले मलको सहज आपूर्ति हुन नसकेको कृषि सामग्री कम्पनी लिमिटेडका कायम मुकायम प्रबन्धक पोखरेलले बताएका छन् । कार्यक्रममा राष्ट्रिय किसान आयोगका अध्यक्ष डा. प्रेमप्रसाद दंगालगायतले मलको सहज आपूर्तिका लागि सरकार संवेदनशील हुनुपर्नेमा जोड दिएका छन् । समयमै पर्याप्त बजेट विनियोजन नहुनु, मूल्यवृद्धि समायोजनको व्यवस्था नहुनु र खरीद प्रक्रियाको असफलताका कारण समयमै मल आपूर्ति हुन नसकेको र आगामी दिनमा ती समस्याहरुको समाधान गर्न पहलगर्नुपर्ने बताएका छन् ।

# आठ सुत्रीय माग पूरा गर्न सरकारसँग आग्रह



काठमाडौं चैत्र २० अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी केन्द्र)का अध्यक्ष चित्रबहादुर श्रेष्ठले सहकारी दिवसको अवसर पारी एक विज्ञाप्ति प्रकाशित गरि सहकारी आन्दोलनको महत्वलाई आत्मसाथ गर्दै अगाडि बढ्न आग्रह गर्नु भएको छ ।

प्रेस विज्ञप्ति

विज्ञाप्तिमा ६६औं राष्ट्रिय सहकारी दिवसको उपलक्ष्यमा अखिल नेपाल किसान महासंघ ( क्रान्तिकारी केन्द्र)को तर्फबाट नेपाली कृषिको रूपान्तरण, किसानहरूको जीवन तथा जीविका र राष्ट्रिय अर्थतन्त्रको विकासमा योगदान गर्ने देशभरका सबै सहकारीहरू, सहकारी संघहरू, सहकारीकर्मीहरू र सहकारीका सदस्यहरूलाई हार्दिक बधाई ज्ञापन शुभकामना व्यक्त गर्दछु । नेपालको सहकारी आन्दोलनले आफूलाई जनमुखी तथा किसानमुखी बनाउँदै देशको उत्पादनमूलक पूँजीलाई प्रोत्साहन, दलाल पूँजीलाई निरुत्साहन र राष्ट्रिय पूँजीको विकासद्वारा समाजवाद निर्माणको आधार तयार गर्न महत्वपूर्ण भूमिका खेल्न सकून् भन्ने शुभकामना व्यक्त गर्दछौं ।

विज्ञाप्तिमा नेपालमा पहिलो पटक चितवन जिल्लामा मिति २०१३ साल चैत्र २० गते बखानपुर ऋण सहकारी संस्था स्थापना भएको थियो । हरेक वर्ष सोही दिन अर्थात् चैत्र २० गतेलाई राष्ट्रिय सहकारी दिवसको रूपमा मनाउने गरिएको छ । देशभरका किसानहरूको बिचमा सहकारी निर्माण र सञ्चालनका साथै सहकारी क्षेत्रको नीति, पैरवी तथा संस्थागत विकासमा निरन्तर महत्वपूर्ण भूमिका खेल्दै आएको देशको सबैभन्दा ठुलो क्रान्तिकारी किसान संगठनको रूपमा अखिल नेपाल किसान महासंघ ( क्रान्तिकारी केन्द्र)ले सहकारी क्षेत्रलाई देशको अर्थतन्त्रको मुख्य आधारको रूपमा विकास गर्दै समाजवादोन्मुख अर्थतन्त्रको विकासका लागि नेपाल सरकारसँग निम्न मागहरू राख्दै तिनलाई अविलम्ब पूरा गर्न जोड्दार माग गर्दछौं ।

१. नेपालको संविधान अनुसार समावादोन्मुख अर्थतन्त्र निर्माणका लागि समाजवादी नीतिहरू अनुसरण गर्दै जनमूखी तथा किसानमूखी हुनेगरी सहकारी नीति र सहकारी ऐनलाई परिमार्जन गरी लागु गरियोस् ।

२. सहकारी क्षेत्रलाई प्राथमिकतामा राखी राष्ट्रिय आत्मनिर्भर अर्थतन्त्र निर्माणको दिशामा काम गरियोस् । सहकारीमार्फत् उत्पादनमूलक पूँजीलाई प्रोत्साहन गरियोस् र दलाल पूँजीलाई निरुत्साहित गरियोस् ।

३. नेपालको कृषि क्षेत्र, साना, घरेलु तथा मझौला उद्योग, व्यवसाय र उद्यमहरू सञ्चालनमा सहकारीहरूलाई प्राथमिकता दिइयोस् ।

४. सहकारीमार्फत सञ्चालन गरिने कृषि, उद्योगधन्दा तथा कलकारखाना तथा व्यवसायहरूलाई सरकारले दिने अनुदान, ऋण तथा अन्य सेवा सुविधामा प्राथमकिता दिने नीति बनाई लागु गरियोस् ।

५. कृषि, भूमि, निजी वन, साना उद्योग र अन्य उत्पादनका क्षेत्रमा व्यापक सहकारीकरणको नीति लिइयोस् र सोही अनुसारको सहकारीमैत्री नीति निर्माण गरियोस् ।

६. कृषिको व्यवसायीकरण, यान्त्रीकरण तथा औद्योगीकरण गर्ने, राष्ट्रिय पुँजी निर्माण गर्ने र रोजगारी सिर्जना गर्ने कृषि, उत्पादनमूलक र विषयगत सहकारीहरूलाई प्रोत्साहन गर्ने नीति बनाई लागु गरियोस् । घरैपिच्छे र एकै घरका तलैपिच्छे हुनेगरी खोलिएका बचत तथा ऋण सहकारीहरूलाई नियमन र नियन्त्रण गरियोस् ।

७. सहकारी ऐन २०७४ विपरीत गतिविधि गर्ने, वचत तथा ऋण सहकारीको नाममा वैधानिकरूपले संस्थागत सुद्खोरीको धन्दा चलाउने, कानून विपरीत ऋण दिने, भ्रष्टाचारीहरूको रकम लुकाउने, चर्को तथा चक्रीय ब्याज लिने, हर्जानाको रूपमा ३६ प्रतिशत वा सोभन्दा बढी अतिरिक्त रकम लिने, ३ महिनामा ऋणीको बक्यौता ब्याज र हजार्नालाई मूलधनमा रुपान्तरण गरी संस्थागत मीटरब्याजको धन्दा चलाउने, सञ्चालकहरू मिलेर आफूले बिनाब्याज ऋण लिने, जमीन धितोमा लिनुको सट्टा रजिष्ट्रेशन पास गरेर लिने, धितोमा राखेको जमिन षड्यन्त्रपूर्ण तरिकाले लिलाम बिक्री गराई सञ्चालकहरू वा तिनका आफन्त तथा मतियारहरूको नाममा गराउने र ऋण असुलीका नाममा धम्की दिने, अपशव्द प्रयोग गर्ने, मानसिक तथा शारीरिक यातना वा यातनाको धम्की दिने र महिला ऋणीहरूमाथि यौन हिंसा गर्ने सहकारीहरू र तिनका सञ्चालकहरूलाई कडा कारबाही गरियोस् ।

८. महाभूकम्प र कोरोना महामारी कालमा ऋण तिर्न नसकेका ऋणीहरूको ब्याज र हर्जाना मिनाहा गरी ऋण तिर्नका लागि पर्याप्त समयसहित पुनर्तालिकीकरण गरियोस् भनि विज्ञाप्तिमा जनाएको छ ।


**हार्दिक अनुरोध ।**

उच्च ज्वरो आउने, खोकी लाग्ने, घाँटी दुख्ने, सम्पूर्ण शरीर दुख्ने, वान्ता आउने र झाडापखाला लाग्ने लक्षणहरु देखिएमा इनफ्लुएन्जा ए, (H1N1) स्वाइनफ्लु पनि हुनसक्छ । तसर्थ यस अस्पतालमा तथा नजिकको स्वास्थ्य संस्थामा जचाई समयमा नै उपचार गराउनु हुन अनुरोध गरिन्छ ।

नेपाल सरकार
शुक्रराज ट्रपिकल तथा
सरुवा रोग अस्पताल

# किसानका माग पूरा गर्न संघर्षको तयारी

**प्रेस विज्ञाप्ति :**

काठमाडौं चैत्र १ गते अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी केन्द्र)का अध्यक्ष चित्रबहादुर श्रेष्ठ, अखिल नेपाल किसान किसान महासंघका क्रान्तिकारीका केन्द्रीय सदस्य शेखर आचार्य, नेपाल समाजवादी किसान महासंघका अध्यक्ष तेजबहादुर श्रेष्ठले संयुक्त प्रेस विज्ञाप्ति प्रकाशित किसानहरुको हक हितमा आधारित मागहरु पूरा गराउने सरकारसँग आग्रह गरेका छन् ।

संयुक्त प्रेसित विज्ञाप्तिमा भनिएको छ । हामी नेपालको कृषि क्रान्ति र किसानहरूको हक, हित र अधिकारको पक्षमा लामो समयदेखि क्रियाशील अखिल नेपाल किसान महासंघ ( क्रान्तिकारी केन्द्र), अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी) र नेपाल समाजवादी किसान महासंघ नेपाली किसानहरूका निम्नानुसारका समसामयिक मागहरूको सन्दर्भमा नेपाल सरकारको ध्यानाकर्षण गराउँदै तिनलाई तत्काल पूरा गराउन जोड्दार माग गर्दछौं ।

(१) किसानहरूलाई वर्गीकरण गरी 'किसान परिचय पत्र' प्रदान गरियोस् र सोही आधारमा सेवा, सुविधा, अनुदान, राहत, बिमा, कृषि ऋण र अन्य सुविधा उपलब्ध गराइयोस् । ६० वर्ष उमेर पुगेका किसानहरूलाई किसान पेन्सन र सबै किसानहरूलाई योगदानमा आधारित सामाजिक सुरक्षा भत्ता उपलब्ध गराइयोस् ।

(२) कृषिको प्राथमिक उत्पादनको क्षेत्रमा प्रत्यक्ष वैदेशिक लगानी निषेध गरियोस् । नेपाली कृषिलाई विदेशी तथा दलाल पुँजीपतिको हातमा जान र परनिर्भर बन्नबाट रोकियोस् । स्वदेशी किसानहरूको संरक्षण गरियोस् । सम्मानित सर्वोच्च अदालतको कृषिमा वैदेशिक लगानी सम्बन्धी फैसला पुनरावलोकन गरियोस् ।

(३) मीटरब्याजीहरूलाई कडाभन्दा कडा कारबाही गरियोस् । साँवा (मूलधन) रकम बराबर रकम भुक्तानी गरिसकेका सबै ऋणीहरूको ऋण मिनाहा गरियोस् ।

(४) नेपाल राष्ट्र बैंकको नीति विपरीत ऋण प्रवाह र अन्य कार्य गर्ने सहकारी, लघुवित्त र तिनका सञ्चालकहरूलाई कालो सूचीमा राखी कडाभन्दा कडा कारबाही गरियोस् । लघुबित्त र सहकारीहरूले चक्रीय ब्याज प्रणालीमा लिइरहेको कोरोनाकालदेखि हालसम्मको सम्पूर्ण ब्याज र हर्जाना मिनाहा गरियोस् । बाँकी ऋण भुक्तानीका लागि पर्याप्त समय अवधि दिई ऋणको पुर्नतालिकीकरण गरियोस् ।

(५) विदेशबाट तरकारी, कुखुरा, अण्डा, खसीबोका र पशुपन्छी लगायतको आयात रोकियोस् । खाद्यान्न, तरकारी तथा फलफूलमा विषादीको अवशेष परीक्षणलाई कडाइका साथ लागु गरियोस् । स्वदेशी किसानको उत्पादनलाई संरक्षण र प्रोत्साहन गरियोस् ।

(६) मूल्य बृद्धि नियन्त्रण गरियोस् । कालोबजारी गर्नेहरूमाथि कडा कारबाही गरियोस् ।

(७) जनयुद्धको अपराधीकरण र नेतृत्वको विद्रुपीकरण अविलम्ब रोकियोस् । शान्ति प्रक्रियालाई अविलम्ब निष्कर्षमा पुऱ्याइयोस् । दश वर्षे महान् जनयुद्धको क्रममा खरिद बिक्रि भएका घरजग्गाको कारोबारलाई कानुनी मान्यता दिई सोही आधारमा रजिस्ट्रेशन गर्ने व्यवस्था गरियोस् । त्यसबाट पीडित किसानहरूको समस्या समाधान गरियोस् ।

(८) रासायनिक मलको मूल्यवृद्धि अविलम्ब फिर्ता लिइयोस् । खेतीको समयमा रासायनिक मलको अभाव हुने स्थितिको अन्त्य गरियोस् । आगामी १० वर्षमा देशमा रासायनिक मल बिना खेती गर्न सकिने गरी प्रांगारिक खेती र दिगो कृषिलाई प्रबर्द्धन गरियोस् ।

(९) देशलाई बिउमा आत्मनिर्भर बनाउने गरी बिउ उत्पादन, अनुसन्धान र प्रसारको कार्य अघि बढाइयोस् ।

(१०) भूमि बैंकको व्यवस्था खारेज गरियोस् । क्रान्तिकारी/वैज्ञानिक भूमिसुधार लागु गरियोस् । भन्ने विभिन्न १० सुत्रीय माग सहितको शर्तहरु सहित विज्ञाप्तिमा प्रकाशित गरिएको छ ।

*शान्ति प्रक्रियालाई अविलम्ब निष्कर्षमा पुऱ्याइयोस् । दश वर्षे महान् जनयुद्धको क्रममा खरिद बिक्रि भएका घरजग्गाको कारोबारलाई कानुनी मान्यता दिई सोही आधारमा रजिस्ट्रेशन गर्ने व्यवस्था गरियोस् । त्यसबाट पीडित किसानहरूको समस्या समाधान गरियोस् ।*



कृषि क्षेत्रमा सम्वोधन नभए वृहद आन्दोलनको तयारी गर्ने किसान संगठनहरुको निर्णय

किसान संगठनहरुको संयुक्त संघर्ष समितिद्धारा चैत्र ८ गते काठमाडौं माइतिघर मण्डला र मधेश प्रदेशमा सांकेतिक विरोध प्रदर्शन गर्ने ।

काठमाडौं चैत्र २ अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी केन्द्र),अध्यक्ष चित्रबहादुर श्रेष्ठ, अखिल नेपाल किसान महासंघका अध्यक्ष बलराम बाँस्कोटा, अखिल नेपाल किसान महासंघ (अफ्फा)का अध्यक्ष भैरव रेग्मी, अखिल नेपाल किसान महासंघ ( क्रान्तिकारी)का अध्यक्ष सिताराम तामाङ, अखिल नेपाल किसान यूनियनका अध्यक्ष रामदुलार महत्तो, अखिल नेपाल प्रगतिशील किसान संघका अध्यक्ष दुर्गाप्रसाद जैसीको संयुक्त बैठकले कृषि र किसानका समस्याहरुलाई लिएर बसेको बैठकले ९ सुत्रीय निर्णयहरु गर्दै संयुक्त रुपमा विज्ञाप्ति प्रकाशित गरिएको छ ।

# किसान संगठनहरूको संयुक्त बैठक कार्यक्रमहरु गरे सार्वजनिक




चैत्र ३ गते संयुक्र रुपमा बसेको बैठकले संयुक्र विज्ञाप्ति प्रकाशित गरि सार्वजनिक गरिएको छ ।

**प्रेस विज्ञाप्ति :**

हामी नेपालको कृषि क्रान्ति, क्रान्तिकारी/वैज्ञानिक भूमिसुधार, खाद्यसम्प्रभुता र किसान अधिकारको पक्षमा निरन्तर क्रियाशीत रहेका ६ वटा कम्युनिस्ट पार्टीहरू निकट किसान संगठनहरू आवद्ध संयुक्त किसान संघर्ष समितिको बैठक मिति २०७९ फागुन ३० गते काठमाडौंको सिनामंगलमा बस्यो । विश्व सर्वहारावर्गका महान् गुरू तथा वैज्ञानिक समाजवादका प्रणेता क.कार्ल मार्क्सको १४०औं स्मृति दिवस (मार्च १४ तारिख)को उपलक्ष्यमा उहाँप्रति उच्च सम्मान प्रकट गर्दै अघि बढेको बैठकले नेपाल सरकारसमक्ष निम्नानुसारका तत्कालीन मागहरू प्रस्तुत गरी ध्यानाकर्षण गराउने, तिनलाई अविलम्ब पूरा गराउन आवश्यक परे संयुक्त संघर्ष अघि बढाउने र यही चैत्र ८ गते माइतीघर मण्डला एवम् मधेस प्रदेशमा सांकेतिक रूपमा संयुक्त विरोध प्रदर्शन गर्ने निर्णय भएकोले सबैको जानकारीका लागि यो प्रेस विज्ञप्ति जारी गरिएको छ ।

१. देशको दुईतिहाई जनसंख्या ओगट्ने र प्रमुख उत्पादक शक्तिको रूपमा रहेका किसानहरूको जीवन र जीविकामा आमूल परिवर्तन ल्याउने गरी नेपाल सरकारको आगामी बजेट तथा कार्यक्रम तय गरी कार्यान्वयन गरियोस् ।

२. विगतको कानुनी व्यवस्था विपरीत तत्कालीन केपी ओली सरकारले नेपालको कृषि क्षेत्रलाई ध्वस्त बनाउने गरी कृषिको प्राथमिक उत्पादनका क्षेत्रमा वैदेशिक लगानी भित्राउने निर्णय गरेको र सर्वोच्च अदालतले समेत सोही निर्णयलाई सघाउने गरी फैसला सुनाएको कुरा विभिन्न सञ्चार माध्यममा आएकोले ओली सरकारको सो किसानविरोधी निर्णय अविलम्ब खारेज गरियोस् र सम्मानित सर्वोच्च अदालतको फैसलालाई पुनरावोकन गरियोस् । नेपाली कृषिलाई विदेशी तथा दलाल पुँजीपतिको हातमा जान र परनिर्भर बन्नबाट रोक्दै राष्ट्यि कृषि तथा स्वदेशी किसानहरूको संरक्षण गरियोस् ।




(२) मीटरब्याजको कारोबारलाई गैरकानुनी घोषणा गरियोस् । मीटरब्याजीहरूलाई कडाभन्दा कडा कारबाही गरियोस् । साँवा (मूलधन) रकम बराबर रकम भुक्तानी गरिसकेका ऋणीहरूको बाँकी सम्पूर्ण ऋण मिनाहा गरियोस् ।

(३) किसानमुखी र जनमुखी मौद्रिक नीति जारी गरी कडाइका साथ लागु गरियोस् । नेपाल राष्ट्र बैंकको नीति विपरीत ऋण प्रवाह र अन्य कार्य गर्ने सहकारी, लघुवित्त र तिनका सञ्चालकहरूलाई कालो सूचीमा राखी कडाभन्दा कडा कारबाही गरियोस् । लघुवित्त र सहकारीहरूले गैरकानुनी र चक्रीय ब्याज प्रणालीमा लिइरहेको कोरोनाकालदेखि हालसम्मको सम्पूर्ण ब्याज र हर्जाना मिनाहा गरियोस् । बाँकी ऋण भुक्तानीका लागि पर्याप्त समय दिई ऋणको पुर्नतालिकीकरण गरियोस् ।

(४) विदेशबाट तरकारी, कुखुरा, अण्डा, खसीबोका र पशुपन्छी लगायतको आयात अविलम्ब रोकियोस् । खाद्यान्न, तरकारी तथा फलफूलमा विषादीको अवशेष परीक्षणलाई कडाइका साथ लागु गरियोस् । कृषि उपजको आयातलाई निरुत्साहित गरी स्वदेशी किसानको उत्पादनलाई संरक्षण र प्रोत्साहन गरियोस् ।

(५) रासायनिक मलको मूल्यवृद्धि अविलम्ब रोकियोस् । दीर्घकालीन योजना बनाई खेतीको समयमा रासायनिक मलको अभाव हुने अवस्थाको सँधैका लागि अन्त्य गरियोस् ।

(७) आगामी १० वर्षमा देशमा रासायनिक मल बिना खेती गर्नसकिने गरी प्राङ्गारिक खेती र दिगो कृषिलाई प्रबर्द्धन गरियोस् ।

(८) मूल्य बृद्धि नियन्त्रण गरियोस् । कालोबजारी गर्नेहरूमाथि कडा कारबाही गरियोस् । उपभोक्ता र उत्पादक सहकारीहरूमार्फत सुपथ मूल्य पसलहरू सञ्चालन गरियोस् ।

(९) जनयुद्धकालीन मुद्दाहरूलाई संक्रमणकालीन न्याय व्यवस्था अन्तर्गत निरुपण गरियोस् । शान्ति प्रक्रियालाई यथाशीघ्र निष्कर्षमा पुऱ्याइयोस् ।

अन्त्यमा, हामी देशका सबै राष्ट्रभक्त, जनपक्षीय, परिवर्तनकामी तथा क्रान्तिकारी शक्तिहरूलाई एकताबद्ध भई देशमा बढिरहेको नवऔपनिवेशिक ( विशेषतः इण्डो-अमेरिकन हस्तक्षेपको सशक्त प्रतिरोध गर्दै राष्ट्र, राष्ट्रियता, जनजीविका, कृषि क्रान्ति एवम् किसानहरूको हक, हित र अधिकारका पक्षमा दृढतापूर्वक उभिँदै संयुक्त किसान संघर्षमा सहभागी हुन हार्दिक अपिल गर्दछौं । जारी विज्ञाप्तिमा जनाएको छ ।

# नेपाल डेरी एशोसिएसनले लियो चौंरी पालन प्रति चाँसो



व्यवसायी तथा विज्ञहरुको काठमाडौं चैत्र १५ नेपाल डेरी एसोसिएसनले एक विज्ञाप्ति प्रकाशित गरि नेपालमा चौरी पालन व्यवसाय सम्बन्धी वृहत छलफल गरेको जनाएको छ । कृषि विज्ञ लालकुमार के.सीको विशेष उपस्थितिमा चौरी पालन व्यवसाय बारे वृहत्तर छलफल कार्यक्रम गरेको बताइएको विज्ञाप्तिमा जनाएको छ । उक्त कार्यक्रममा नेपाल डेरी एसोसिएसनका अध्यक्ष प्रल्हाद दाहाल, उपाध्यक्ष दिप प्रसाद धमला, उपाध्यक्ष मनोज कुमार घिमिरे, सह-कोषाध्यक्ष रामभक्त दाहाल र केन्द्रिय सदस्य रमेश सञ्जेल, नेपाल डेरी एसोसिएसन बागमति प्रदेश अध्यक्ष टिका प्रसाद घिमिरे, उपाध्यक्ष ध्रुव तिवारी, सचिव श्याम घिमिरे, नेपाल डेरी एसोसिएसन काठमाडौं जिल्ला अध्यक्ष अजित बजगाईं, सदस्य लिलानाथ दाहाल लगायत ललितपुर दुग्ध व्यवसायी समिति कोषाध्यक्ष हुद्धराज तिमल्सिना, सदस्य पुर्षोत्तम सापकोटा, सदस्य दिपक तिमल्सिना, सदस्य सुवास दुलाल एवं कृषि पत्रकार किरण आचार्यको उपस्थिति रहेको थियो ।

कार्यक्रममा विज्ञ के.सीले चौरीको बारेमा २९ जिल्लामा चौरी पालन हुने छलफलमा उठेका थिए । जसमा हाल पालन भइरहेको चौरीहरु दोलखा ५०५०, सिन्धुपाल्चोक ४६५१, रसुवा, २२८, रामेछाप ५२१, धादिङ्ग १७७, र नुवाकोट जिल्ला गरि देशभर ९०० वटा देशभर करिब ११,५२७ वटा चौरी गाईहरु रहेको तथ्याङ्क रहेको जनाएको छ । चौरी चराउन ३२/३५ सय मिटरको उचाईमा लगिन्छ । यि निरोगी हुन्छन । शुद्ध खानपिन, जडीबुटी खाने हुँदा हतपत रोग लाग्दैन । यसले दिने दुध अत्यधिक पोषिलो र फुल फ्याटको हुन्छ । आजकाल दुध खुवाएर बाछाबाछी हुर्काउन छोडिएको छ । चौरीको दूधबाट छुर्पी र चिज उत्पादन हुन्छ । उच्च मूल्यको हुन्छ । र विदेश निर्यात भई विदेशी मुद्रा आर्जन गरिन्छ । हड्डी, रौं, सिं, पुच्छर आदि सबै बहुमूल्य हुन्छ हुने जनाएको छ । चौरी बहुउपयोगी जनावर हो । हाम्रो देशमा रहेका २५ वटा हिमाली जिल्ला रहेका छन् भने त्यसमध्ये १५ वटा जिल्लामा चौरी पालन हुन्छ । हिमाली जिल्लामा ४० प्रतिशत खर्क र वन जंगल छ । जहाँ चौरी पालनको अत्यन्तै सम्भावना हुन्छ । राज्यले फाईदाजनक पेशालाई संरक्षण गर्न जरुरी भएको बताइएको छ । कार्यक्रममा एसोसिएसनका अध्यक्ष प्रल्हाद दाहालले चौरी पालन व्यवसायलाई सबै मिलि थप उत्साह थप्न जरुरी भएको बताईको छ । चौरी, याक पालनलाई राम्रो बनाउँदा पर्यटन व्यवसाय पनि फस्टाउन सक्छ । चौरी र याकलाई यातायातको साधनको रुपमा पनि विकट स्थानमा प्रयोग गरिने कुराले पनि यो व्यवसाय उपयोयी रहेको कुरा अध्यक्ष दाहालले बताए । कार्यक्रममा सहभागी सबैले चौंरीको बारे विभिन्न जिज्ञासा राखेका थिए भने विज्ञ के.सीले सबै जिज्ञासा मेटाएका विज्ञाप्तिमा जनाएको छ ।

# मलमा दिदै आएको अनुदान कटौती नगर्न आग्रह

चैत्र १ गते अखिल नेपाल किसान महासंघका अध्यक्ष डा.प्रेम दंगाल, नेपाल किसान महासंघका अध्यक्ष गणेश तिमिल्सिना, नेपाल राष्ट्रिय प्रजातान्त्रिक किसान संगठनले संयुक्त प्रेस विज्ञाप्ति प्रकाशित गरि सरकार मलमा दिँदै आउको अनुदान कटौती नगर्न आग्रह गरेको छ ।

**प्रेस विज्ञाप्ति :**

जारी विज्ञाप्तिमा भनिएको छ । सरकारले यहि ०७९ फागुन २६ गते रासायनिक मलमा दिदै आएको अनुदान भारीमात्राले कटौती गर्ने निर्णय गरेको छ । सरकारको यो निर्णयप्रति संयुक्त किसान संगठनहरुको गम्भिर ध्यानआकर्षण भएको छ । सरकारको निर्णयनुसार किसानले १४ रुपैयामा खरिद गर्दै आएको युरियाको मुल्य अब रुपैया २५ पुगेको छ । त्यसैगरी ४३ रुपैया पर्ने डिएपी ५० रुपैया र ३१ रुपैया पर्ने पोटास ४० रुपैया भएको छ । मलमा भएको यसप्रकारको अनुदान कटौतिको निर्णयले कृषि उत्पादन लागत बढ्न गई कृषि उपजहरुको मूल्यमा भारी मात्रामा बृद्धि हुनेछ । यसको सिधा प्रभाव मूल्यबृद्धि भै उपभोक्तासमेतलाई मार पर्ने स्थिति देखिन्छ । खेतिको समयमा सधैजसो मलको अभाव खेपिरहेका किसानलाई अझ थप समस्यामा धकेल्ने गरी आएको अनुदान कटौतीको यो निर्णयले किसान र कृषिलाई थप निरुत्साहित गरेको छ । परिणामस्वरुप मुलुकमा उत्पादन घट्न गई खाद्य सुरक्षामा आँच आउने जोखिम बढेको छ ।

सरकारको यस निर्णयले देशका ६० प्रतिशत किसान, समग्र कृषि क्षेत्र र आम उपभोक्ताहरुमा गम्भिर असर पारेको छ । किसानलाई प्रोत्साहन तथा संरक्षण गर्ने कार्यक्रम ल्याउनुको सट्टा उनीहरुलाई थप मार पर्ने गरी आएको सरकारको यसप्रकारको निर्णयप्रति हामी निम्नानुसारका किसान संगठनहरु खेद प्रकट गर्दै घोर भर्त्सना गर्दछौं । सरकारको तर्फबाट आम उत्पादक किसानलाई र कृषि क्षेत्रमा दिइदै आएको एकमात्र अनुदान कटौति गर्ने अत्यन्त अशंवेदनशील र गैरजिम्मेबार निर्णय अबिलम्ब फिर्ता लिन नेपाल सरकारसँग हामी जोडदार माग गर्दछौं । उक्त माग यथासिघ्र संबोधन नगरिए देशभरका किसान सडकमा उत्रिन बाध्य हुनेछन् जसको जिम्मेबार नेपाल सरकार हुनेछ । साथै सम्पूर्ण न्याप्रेमी किसानहरुलाई आन्दोलनमा उत्रिन हामी आव्हान समेत गर्दछौं ।

**आन्दोलनका कार्यक्रमहरु :**

यहि २०७९, फागुन ३ गते केन्द्रमा प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाउने, ७७ वटै जिल्लामा प्रमुख जिल्ला अधिकारीमार्फत प्रधानमन्त्रीलाई ज्ञापनप्रत्र बुझाउने

स्थानीयस्तरमा संयुक्त किसान संघर्ष समिति निर्माण गरी आवश्यकताका आधारमा संघर्षका कार्यक्रमहरु संचालन गर्ने निर्णय विज्ञाप्तिमा जनाएको छ ।

# मलको मूल्यवृद्धि फिर्तालिन नेकपा एमाले कृषि विभागको आग्रह




काठमाडौं चैत्र ५ नेकपा एमाले पार्टी कार्यालय तुल्सीलाल स्मृति प्रतिस्ठान च्यासल ललितपुर स्थित कृषि तथा पशुपन्छी विकास विभागको आयोजनामा पत्रकार सम्मेलन गरी हालै सरकारले रासायनिक मलमा गरिएको मूल्यवृद्धि फिर्ता गर्न आग्रह गरेको छ ।

उक्त अवसरमा नेकपा एमालेका महासचिव शंकर पोखरेलले आफ्नो पार्टी सरकारमा नभए पनि कृषि र किसानको मुद्दामा निरन्तर अगाडि बढीरहेको बताउँदै मूल्य फिर्ता लिन र अनुदान कटौती नगर्न सरकारलाई आग्रह गरेको छ ।

आयोजित पत्रकार सम्मेलनमा नेकपा (एमाले) कृषि तथा पशुपन्छी विकास विभागका प्रमुख गिरधारीलाल न्यौपानेद्धारा हस्ताक्षरित वितरित विज्ञाप्तिमा निम्न विषयहरु उल्लेखि गरिएका छन् ।

जारी, प्रेस विज्ञाप्तिमा

रासायनिक मलमा गरिएको मूल्य वृद्धि र्फिता गरियोस्

विज्ञाप्तिमा भनिएको छ । नेपाल सरकारले यही ०७९ फागुन २६ गते रासायनिक मलमा दिँदै आएको अनुदान भारी मात्रामा कटौती गर्ने निर्णय प्रति नेकपा (एमाले) कृषि तथा पशुपन्छी विकास विभागको गम्भीर ध्यानाकर्षण भएको छ । सरकारको निर्णय अनुसार युरियामा प्रति केजी ११, डिएपीमा ७ र पोटासमा ९ रुपैयाँले मूल्यवृद्धि भएको छ । जसको प्रत्यक्ष भार नेपालमा कडा परिश्रम गरिरहेका नेपाली किसान र आम उपभोक्तामा पर्न गएको छ ।

एकातिर भारतबाट ठूलो मात्रामा कृषि उपजको आयात हुने र अर्कोतिर रासायनिक मलको मूल्य वृद्धि गरि उत्पादन लागत भन् बढाई उत्पादन लागतमा थप वृद्धि हुन पुगेको छ । वर्तमान नेपाल सरकारको रासायनिक मलमा अनुदान कटौतीको निर्णयबाट सरकार स्वदेशी उत्पादनलाई निरुत्साहित गरी भारतीय कृषि उपजको व्यापार बढाउन उद्यत रहेको स्पष्ट हुन गएको छ ।

यसरी मूल्य वृद्धि गर्दा उत्पादन लागत बढ्ने र उत्पादित कृषि उपजहरुको अत्याधिक मूल्य वृद्धि हुने हुँदा स्वादेशी भन्दा विदेशी उत्पादन सस्तो पर्न गई कृषि उपजमाथिको परनिर्भरता बढाउनतर्फ सरकार लागि परेको प्रस्ट हुन्छ । सरकारले कृषकका उत्पादनको उचित मूल्यमा खरिद गर्ने व्यवस्था गरी आफ्नै उत्पादनमा आत्मनिर्भर बन्ने तर्फ वर्तमान सरकारले वेवास्ता गरिरहेको छ । यसका साथै किसानहरु उत्पादन कार्यबाट विमुख हुने र अत्याधिक उत्पादन लागतका कारण देशको राष्ट्रिय उत्पादनमा नकारात्मक असर पर्न गई आम श्रमजीवि जनता खाद्य सुरक्षा तथा खाद्य अधिकारबाट बञ्चित हुने दिशा तर्फ धकेलिन खोजिएको स्पष्ट भएको छ ।

विज्ञाप्तिमा, नेपाल कृषि अनुसन्धान परिषद्को विभिन्न बाली उत्पादनका लागि सिफारिस गरिएका रासायनिक मलको मात्रा अनुसार प्रयोग गर्नु पर्ने हुन्छ । जस अनुसार नेपाललाई करिव १७ लाख मे.टन रासायनिक मल आवश्यकता पर्छ । सोही अनुरुप ५० प्रतिशत आवश्यकता मान्दा पनि वार्षिक रुपमा कम्तिमा ८ देखि ९ लाख मे.टन आवश्यक पर्छ । तर कृषि तथा पशुपन्छी विकास मन्त्रालयका अनुसार व्यवहारिक रुपमा त्यसको पनि करिब ५० प्रतिशत अर्थात करिब साँढे ४ लाख मेट्रिक टन आयात गर्ने गरेको देखिन्छ । मल खरिद तथा वितरण प्रक्रियामा रहेको अपारदर्शीताका कारण सीमित मात्रामा आपूर्ति गरिएको मल समेत उत्पादक किसानहरुलाई सहज रुपमा समयमा उपलब्ध हुने गरेको छैन ।

हाल अन्तर्राष्ट्रिय बजारमा रासायनिक मलको मूल्य युरिया प्रति मेट्रिक टन १२०० बाट घटेर ५०२, डिएपी प्रति मेट्रिक टन १३०० बाट घटेर ८३२, पोटास, प्रति मेट्रिक टन ९०० बाट घटेर ७३७ अमेरिकी डलर कायम भएको छ । यसरी अन्तर्राष्ट्रिय बजारमा मूल्य घटिरहेको अवस्थामा नेपाली किसानलाई मार पर्ने गरी मूल्य वृद्धि गर्ने निर्णयको औचित्य पुष्टि हुन सक्दैन । मलको अभाव खेपिरहेका किसानहरुलाई थप समस्यामा पार्ने गरी गरिएको निर्णय गैरजिम्मवार पूर्ण छ । नेपाली किसान र कृषि क्षेत्रलाई थप निरुत्साहित गर्ने गरी अत्यन्त हचुवाको भरमा गरिएको असंवेदनशील निर्णय हो भन्ने हाम्रो ठहर रहेको छ ।

कृषिको प्रचुर सम्भावना भएको देशमा कृषिमा सरकारी लगानी वृद्धि गरी उत्पादक किसानहरुलाई प्रोत्साहन मार्फत देशमै स्वरोजगारको विकास गरी उत्पादन र उत्पादकत्व वृद्धि गरी कृषि तथा कृषिजन्य उपजमा आत्मनिर्भर राष्ट्र बनाउँदै जानु पर्नेमा विनाकारण अचानक रासायनिक मलको मूल्य बढाई किसानलाई कृषि उत्पादनमा लाग्न निरुत्साहित गर्ने नेपाल सरकारको निर्णय भत्सर्नायोग्य छ । हामी यस निर्णयको कडा शब्दमा निन्दा गर्दछौं विज्ञाप्तिमा उल्लेख गरिएको छ ।

विज्ञाप्तिमा, नेपाली किसानको प्रतिस्पर्धी क्षमतालाई कमजोर पारी विदेशी उत्पादनलाई नेपाली बजार कब्जा गर्न सहज गराउने नियोजित उद्देश्य सहित ल्याइएको उक्त निर्णय विदेशीलाई खुशी पार्ने कामको निकृष्ट उदाहरण हो भन्ने कुरामा दुईमत हुन सक्दैन । विना आधार मलको मूल्य वृद्धि गर्ने किसानमारा निर्णय सच्याई मलको मूल्य यथावत कायम गर्दै आवश्यक मात्रामा मलको सहज आपूर्तिको सुनिश्चितता गर्न र किसानहरुले उत्पादन गरेको कृषि उपजहरुको उचित मूल्यमा खरिद गर्ने कार्यक्रम लागु गर्न हाम्रो विभाग नेपाल सरकारसँग जोडदार माग गर्दछ ।

# मीटरब्याजको कारोबारलाई गैरकानूनी घोषणा गर्न किसान महासंघ (क्रान्तिकारी केन्द्र)को आग्रह

*महान् जनयुद्धमा देशको परिवर्तनका लागि आफ्नो अमूल्य जीवन अर्पण गर्ने वीर योद्धाहरूलाई राजपत्रमा सूचना प्रकाशनसहित राष्ट्रिय सहिदको मान्यता प्रदान गरी महान् सहिदहरू र उहाँहरूका परिवारजनलाई उच्च सम्मान प्रदान गरिएको छ ।*



अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी केन्द्र)का अध्यक्ष चित्रबहादुर श्रेष्ठले एक विज्ञाप्ति प्रकाशित गरि कृषि क्षेत्र र किसानको माग र समस्या प्रति सरकारको ध्यानाकर्षण गरेको छ ।

**प्रेस विज्ञाप्ति :**

विज्ञाप्तिमा हाम्रो महान् तथा गौरवशाली संगठन अखिल नेपाल किसान महासंघ ( क्रान्तिकारी केन्द्र) को यही मिति २०७९ फागुन १२ गते सम्पन्न केन्द्रीय समितिको प्रथम पूर्ण बैठकले नेपाली किसानका विभिन्न समस्याहरूबारे समसामयिक प्रस्तावहरू पारित गरी नेपाल सरकार, सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' र नेकपा (माओवादी केन्द्र) को ध्यानाकर्षण गराएको थियो । साथै, नेकपा (माओवादी केन्द्र), नेकपा (क्रान्तिकारी माओवादी र नेपाल समाजवादी पार्टीसहित पूर्वमाओवादी घटकसँग आवद्ध ३ किसान संगठनहरूले विभिन्न मागहरूसहित संयुक्त वक्तव्य जारी गरेका थियौं भने नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी), नेकपा ( मसाल), नेकपा (क्रान्तिकारी माओवादी), नेपाल कम्युनिष्ट पार्टी र नेकपा (माले) निकट ६ किसान संगठनहरूले पनि विभिन्न मागहरू राख्दै संयुक्त प्रेस विज्ञाप्ति जारी गरेको कुरा सर्वविदितै छ । हाम्रा मागहरूप्रति गम्भीर हुँदै नेपाल सरकारले किसानहरूले ७१ प्रतिशत र बिक्रेताहरूले २९ प्रतिशत लाभ प्राप्त हुने गरी दूधको मूल्यवृद्धि गरेको छ । हाम्रै आग्रहमा नेपाल सरकारले रासायनिक मलको मूल्यवृद्धि फिर्ता लिने निर्णय गरेको छ । फागुन १ गते महान् जनयुद्ध दिवसको अवसरमा सार्वजनिक विदा दिने ऐतिहासिक निर्णय भएको छ । त्यसरी नै महान् जनयुद्धमा देशको परिवर्तनका लागि आफ्नो अमूल्य जीवन अर्पण गर्ने वीर योद्धाहरूलाई राजपत्रमा सूचना प्रकाशनसहित राष्ट्रिय सहिदको मान्यता प्रदान गरी महान् सहिदहरू र उहाँहरूका परिवारजनलाई उच्च सम्मान प्रदान गरिएको छ । त्यसरी नै मीटरब्याजीहरूको कारोबारलाई गैरकानुनी घोषणा गर्दै मिति २०७९ चैत्र १४ गते नै मन्त्रीपरिषद्को आकस्मिक बैठक बसेर कानुनी व्यवस्था गर्ने निर्णय भएको छ भने समस्या समाधानका लागि वार्ता समिति गठन भएको छ । यी सबै किसान पक्षीय कामहरूका लागि हामी देशकै सबैभन्दा ठूलो क्रान्तिकारी किसान संगठनको रूपमा अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी केन्द्र) र आम नेपाली किसानहरूको तर्फबाट नेपाल सरकार र सम्माननीय प्रधानमन्त्री तथा नेकपा ( माओवादी केन्द्र)का श्रद्धेय अध्यक्ष क. पुष्पकमल दाहाल 'प्रचण्ड'प्रति हार्दिक आभार तथा धन्यवाद ज्ञापन गर्दछौं ।

यही सन्दर्भमा राजतन्त्रात्मक सामन्ती व्यवस्थाको जर्जर शोषण र उत्पीडनको अवशेषको रूपमा रहेको मीटरब्याज र तमसुक व्यवस्थाबाट पीडित भई तराईका विभिन्न जिल्लाहरूबाट कष्टपूर्ण पैदल यात्रा गरेर काठमाडौं आइपुगेका पीडित जनताको न्यायपूर्ण संघर्षमा हामी अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी केन्द्र)को तर्फबाट हार्दिक ऐक्यवद्धता जाहेर गर्दछौं । मीटरब्याज पीडितहरूको समस्या समाधान गर्न निम्न मागहरू नेपाल सरकारसँग जोड्दाररूपले प्रस्तुत गर्दछौं ।

१. मीटरब्याजको कारोबारलाई गैरकानुनी घोषणा गरियोस् ।

२. मीटरब्याजको कारोबार गर्ने गरिब तथा किसानमारा सुद्खोरहरूलाई कडाभन्दा कडा कारबाही गरियोस् ।

३. साँवा रकम बराबर ऋण भुक्तान गरेका सबै ऋणीहरूको ऋण पूर्णरूपमा मिनाहा गरियोस् । उनीहरूको ऋणको लिखत कागजलाई अवैधानिक घोषणा गरी बदर गरियोस् ।

४. लिएको साँवा बराबर ऋण भुक्तानी गर्न बाँकी रहेका ऋणीहरूलाई ऋण तिर्नका लागि उनीहरूको सहमतिमा समय अवधि दिइयोस् । ब्याज र हर्जाना पूर्णरूपमा मिनाहा र निषेध गरियोस् ।

५. त्यसरी ऋण लिँदा घर-जग्गा धितो रोक्का राखिएको भएमा फुकुवा र रजिस्ट्रेसन पास गरेर लिएको भएमा तुरुन्त फिर्ता गरियोस् । जग्गा फुकुवा वा फिर्ता गर्न अटेर गर्ने मीटरब्याजीहरूलाई तत्काल गिरफ्तार गरी कारबाही गरियोस् ।

६. ऋण दिनका लागि गरिब किसानहरूको घर-जग्गा अति सस्तो मूल्यमा रजिस्ट्रेसन पास गरेर लिने र फिर्ता नगर्ने सबै मीटरब्याजी, त्यसमा सहयोग गर्ने सबै सरकारी कर्मचारी र अन्य मतियारहरूलाई समेत कडाभन्दा कडा कारबाही गरियोस् ।

७. ऋण उठाउने नाममा ऋणीहरूलाई भौतिक यातना वा यातनाको धम्की दिने, परिवारका सदस्यलाईसमेत असुरक्षित महसुस गराउने र मानसिक यातना दिने सबै मीटरब्याजीहरू तथा तिनका मतियारहरूलाई अबिलम्ब गिरफ्तार गरी कडा कारबाही गरियोस् ।

८. ऋण दिने क्रममा वा ऋणको ब्याज वा साँवा भुक्तानी माग्ने क्रममा महिला ऋणीहरू वा पुरुष ऋणीको परिवारका महिला सदस्यहरूलाई यौन हिंसा गर्ने वा गर्ने धम्की दिने सबै मीटरब्याजीहरूलाई तत्काल गिरफ्तार गरी कडा कारबाही गरियोस् ।

९. नेपाली जनताका आशा र भरोसाका धरोहर क. पुष्पकमल दाहाल प्रचण्ड स्वयं प्रधानमन्त्री भएको बेलामा जनताका कुरा स्वयं प्रधानमन्त्रीले सुन्ने व्यवस्था गरियोस् । सम्माननीय प्रधानमन्त्रीज्यू स्वयंको उपस्थितिमा मीटरब्याज पीडित तथा संघर्षरत जनसमुदायसँग वार्ता गरी वार्ता टोलीलाई आवश्यक निर्देशन प्रदान गरियोस् ।

१०. वार्ता र छानबिनलाई अति द्रुत गतिमा अघि बढाई यथाशीघ्र निष्कर्षमा पुऱ्याएर पीडितहरूलाई न्याय प्रदान गरियोस् । सो पक्रिया टुंगोमा नपुगुञ्जेल ऋणीहरूको कानुनी, भौतिक र सांस्कृतिकरूपमा जीवन रक्षा गर्न १० बुँदे विधि कार्यन्वयन गर्न गराउन विज्ञाप्तिमा आग्रह गरिएको छ ।

# किसान संगठनहरूको संयुक्त बैठक

**प्रेस विज्ञाप्ति :**

हामी नेपालको कृषि क्रान्ति, क्रान्तिकारी/वैज्ञानिक भूमिसुधार, खाद्यसम्प्रभुता र किसान अधिकारको पक्षमा निरन्तर क्रियाशीत रहेका ६ वटा कम्युनिस्ट पार्टीहरू निकट किसान संगठनहरू आबद्ध संयुक्त किसान संघर्ष समितिको बैठक मिति २०७९ फागुन ३० गते काठमाडौँको सिनामंगलमा बस्यो । विश्व सर्वहारावर्गका महान् गुरू तथा वैज्ञानिक समाजवादका प्रणेता क.कार्ल मार्क्सको १४०औं स्मृति दिवस (मार्च १४ तारिख)को उपलक्ष्यमा उहाँप्रति उच्च सम्मान प्रकट गर्दै अघि बढेको बैठकले नेपाल सरकारसमक्ष निम्नानुसारका तत्कालीन मागहरू प्रस्तुत गरी ध्यानाकर्षण गराउने, तिनलाई अविलम्ब पूरा गराउन आवश्यक परे संयुक्त संघर्ष अघि बढाउने र यही चैत्र ८ गते माइतीघर मण्डला एवम् मधेस प्रदेशमा सांकेतिक रूपमा संयुक्त विरोध प्रदर्शन गर्ने निर्णय भएकोले सबैको जानकारीका लागि यो प्रेस विज्ञप्ति जारी गरिएको छ ।

१. देशको दुईतिहाइ जनसंख्या ओगट्ने र प्रमुख उत्पादक शक्तिको रूपमा रहेका किसानहरूको जीवन र जीविकामा आमूल परिवर्तन ल्याउने गरी नेपाल सरकारको आगामी बजेट तथा कार्यक्रम तय गरी कार्यान्वयन गरियोस् ।

२. विगतको कानुनी व्यवस्था विपरीत तत्कालीन केपी ओली सरकारले नेपालको कृषि क्षेत्रलाई ध्वस्त बनाउने गरी कृषिको प्राथमिक उत्पादनका क्षेत्रमा वैदेशिक लगानी भित्राउने निर्णय गरेको र सर्वोच्च अदालतले समेत सोही निर्णयलाई सघाउने गरी फैसला सुनाएको कुरा विभिन्न सञ्चार माध्यममा आएकोले ओली सरकारको सो किसानविरोधी निर्णय अविलम्ब खारेज गरियोस् र सम्मानित सर्वोच्च अदालतको फैसलालाई पुनरावोकन गरियोस् । नेपाली कृषिलाई विदेशी तथा दलाल पुँजीपतिको हातमा जान र परनिर्भर बन्नबाट रोक्दै राष्ट्रिय कृषि तथा स्वदेशी किसानहरूको संरक्षण गरियोस् ।

(२) मीटरब्याजको कारोबारलाई गैरकानुनी घोषणा गरियोस् । मीटरब्याजीहरूलाई कडाभन्दा कडा कारबाही गरियोस् । साँवा (मूलधन) रकम बराबर रकम भुक्तानी गरिसकेका ऋणीहरूको बाँकी सम्पूर्ण ऋण मिनाहा गरियोस् ।

*किसानमुखी र जनमुखी मौद्रिक नीति जारी गरी कडाइका साथ लागु गरियोस् । नेपाल राष्ट्र बैंकको नीति विपरीत ऋण प्रवाह र अन्य कार्य गर्ने सहकारी, लघुवित्त र तिनका सञ्चालकहरूलाई कालो सूचीमा राखी कडाभन्दा कडा कारबाही गरियोस् ।*



(३) किसानमुखी र जनमुखी मौद्रिक नीति जारी गरी कडाइका साथ लागु गरियोस् । नेपाल राष्ट्र बैंकको नीति विपरीत ऋण प्रवाह र अन्य कार्य गर्ने सहकारी, लघुवित्त र तिनका सञ्चालकहरूलाई कालो सूचीमा राखी कडाभन्दा कडा कारबाही गरियोस् । लघुबित्त र सहकारीहरूले गैरकानुनी र चक्रीय ब्याज प्रणालीमा लिइरहेको कोरोनाकालदेखि हालसम्मको सम्पूर्ण ब्याज र हर्जाना मिनाहा गरियोस् । बाँकी ऋण भुक्तानीका लागि पर्याप्त समय दिई ऋणको पुर्नतालिकीकरण गरियोस् ।

(४) विदेशबाट तरकारी, कुखुरा, अण्डा, खसीबोका र पशुपन्छी लगायतको आयात अविलम्ब रोकियोस् । खाद्यान्न, तरकारी तथा फलफूलमा विषादीको अवशेष परीक्षणलाई कडाइका साथ लागु गरियोस् । कृषि उपजको आयातलाई निरुत्साहित गरी स्वदेशी किसानको उत्पादनलाई संरक्षण र प्रोत्साहन गरियोस् ।

(५) रासायनिक मलको मूल्यबृद्धि अविलम्ब रोकियोस् । दीर्घकालीन योजना बनाई खेतीको समयमा रासायनिक मलको अभाव हुने अवस्थाको सँधैका लागि अन्त्य गरियोस् ।

(७) आगामी १० वर्षमा देशमा रासायनिक मल बिना खेती गर्नसकिने गरी प्रांगारिक खेती र दिगो कृषिलाई प्रबर्द्धन गरियोस् ।

(८) मूल्य वृद्धि नियन्त्रण गरियोस् । कालोबजारी गर्नेहरूमाथि कडा कारबाही गरियोस् । उपभोक्ता र उत्पादक सहकारीहरूमार्फत सुपथ मूल्य पसलहरू सञ्चालन गरियोस् ।

(९) जनयुद्धकालीन मुद्दाहरूलाई संक्रमणकालीन न्याय व्यवस्था अन्तर्गत निरुपण गरियोस् । शान्ति प्रक्रियालाई यथाशीघ्र निष्कर्षमा पुऱ्याइयोस् ।

अन्त्यमा, हामी देशका सबै राष्ट्रभक्त, जनपक्षीय, परिवर्तनकामी तथा क्रान्तिकारी शक्तिहरूलाई एकताबद्ध भई देशमा बढिरहेको नवऔपनिवेशिक - विशेषतः इण्डो-अमेरिकन हस्तक्षेपको सशक्त प्रतिरोध गर्दै राष्ट्र, राष्ट्रियता, जनजीविका, कृषि क्रान्ति एवम् किसानहरूको हक, हित र अधिकारका पक्षमा दृढतापूर्वक उभिँदै संयुक्त किसान संघर्षमा सहभागी हुन हार्दिक अपिल गर्दछौं ।

हार्दिक क्रान्तिकारी अभिवादन सहित ।

मिति: २०७९/१२/०२ गतेमलमा दिदै आएको अनुदान कटौती नगर्न आग्रह

चैत्र १ गते अखिल नेपाल किसान महासंघका अध्यक्ष डा.प्रेम दंगाल, नेपाल किसान महासंघका अध्यक्ष गणेश तिमिल्सिना, नेपाल राष्ट्रिय प्रजातान्त्रिक किसान संगठनले संयुक्त प्रेस विज्ञाप्ति प्रकाशित गरि सरकार मलमा दिँदै आउको अनुदान कटौती नगर्न आग्रह गरेको छ ।

**प्रेस विज्ञाप्ति :**

जारी विज्ञाप्तिमा भनिएको छ । सरकारले यहि ०७९ फागुन २६ गते रासायनिक मलमा

दिदै आएको अनुदान भारीमात्राले कटौती गर्ने निर्णय गरेको छ । सरकारको यो निर्णयप्रति संयुक्त किसान संगठनहरुको गम्भिर ध्यानआकर्षण भएको छ । सरकारको निर्णयनुसार किसानले १४ रुपैंयामा खरिद गर्दै आएको युरियाको मुल्य अब रुपैया २५ पुगेको छ । त्यसैगरी ४३ रुपैया पर्ने डिएपी ५० रुपैया र ३१ रुपैंया पर्ने पोटास ४० रुपैया भएको छ । मलमा भएको यसप्रकारको अनुदान कटौतिको निर्णयले कृषि उत्पादन लागत बढ्न गई कृषि उपजहरुको मूल्यमा भारी मात्रामा बृद्धि हुनेछ । यसको सिधा प्रभाव मूल्यबृद्धि भै उपभोक्तासमेतलाई मार पर्ने स्थिति देखिन्छ । खेतिको समयमा सधैजसो मलको अभाव खेपिरहेका किसानलाई अझ थप समस्यामा धकेल्ने गरी आएको अनुदान कटौतीको यो निर्णयले किसान र कृषिलाई थप निरुत्साहित गरेको छ । परिणामस्वरुप मुलुकमा उत्पादन घट्न गई खाद्य सुरक्षामा आँच आउने जोखिम बढेको छ ।

सरकारको यस निर्णयले देशका ६० प्रतिशत किसान, समग्र कृषि क्षेत्र र आम उपभोक्ताहरुमा गम्भिर असर पारेको छ । किसानलाई प्रोत्साहन तथा संरक्षण गर्ने कार्यक्रम ल्याउनुको सट्टा उनीहरुलाई थप मार पर्ने गरी आएको सरकारको यसप्रकारको निर्णयप्रति हामी निम्नानुसारका किसान संगठनहरु खेद प्रकट गर्दै घोर भर्त्सना गर्दछौं । सरकारको तर्फबाट आम उत्पादक किसानलाई र कृषि क्षेत्रमा दिइदै आएको एकमात्र अनुदान कटौति गर्ने अत्यन्त अशंवेदनशील र गैरजिम्मेबार निर्णय अबिलम्ब फिर्ता लिन नेपाल सरकारसँग हामी जोडदार माग गर्दछौं । उक्त माग यथासिघ्र संबोधन नगरिए देशभरका किसान सडकमा उत्रिन बाध्य हुनेछन् जसको जिम्मेबार नेपाल सरकार हुनेछ । साथै सम्पूर्ण न्याप्रेमी किसानहरुलाई आन्दोलनमा उत्रिन हामी आव्हान समेत गर्दछौं ।

**आन्दोलनका कार्यक्रमहरु :**

यहि २०७९, फागुन ३ गते केन्द्रमा प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाउने, ७७ वटै जिल्लामा प्रमुख जिल्ला अधिकारीमार्फत प्रधानमन्त्रीलाई ज्ञापनप्त्र बुझाउने

स्थानीयस्तरमा संयुक्त किसान संघर्ष समिति निर्माण गरी आवश्यकताका आधारमा संघर्षका कार्यक्रमहरु संचालन गर्ने निर्णय विज्ञाप्तिमा जनाएको छ ।

**Meet the winner.....**

SIBAT is helping indigenous communities to adapt and build resilience to climate change.

In the Philippines' remote Cordillera region, many homes and businesses do not have electricity. But thanks to a project implemented by non-governmental organization SIBAT,1,684 indigenous households have set up small community-managed hydroelectrical power generation systems.

Now, homes, schools and health facilities across the region have electricity for the first time. Rural businesses, like rice and maize mills, run on clean energy, helping to build livelihoods and food security, while also being sustainable.

The project is designed using the principles of free, prior and informed consent through which Indigenous Peoples participate fully and effectively in decision-making processes that affect them. It brings together communities to oversee and operate the power system and set tariffs collectively. Older community members and persons with disabilities oversee and guide the project according to customary laws.

"I saw the difficulty of not having electricity in many areas, that's why I took the job as a technician here at SIBAT - to help provide electricity in remote communities," says Glendo Gayed of the indigenous Banao community.

Through the project, Indigenous Peoples are adapting and building resilience to climate change, while conserving the watersheds, rivers and waterfalls of their region.

"The thing I like most about SIBAT is that we don't only provide electricity; we help the environment," says Glendo.

Publication date: 10 February 2023

**Rural people unit.......**

ever, we must show our force to unmask and oppose the corporate agenda and highlight our struggles for a world without the domination of imperialism, where the peoples' rights and sovereignty - not corporate profits - reign supreme in determining and realizing pro-people and pro-planet development.

Ultimately, we must continue building our global movements by strengthening and intensifying our local and national struggles for our rights to land, resources, food, and a healthy planet. In our communities and countries, we must develop and consolidate our alliances with all the working peoples, similarly oppressed and exploited by imperialism. Through the people's struggles, we can steadily and decisively weaken imperialism toward building our future.

**A New Lease ......**

making a difference to the lives of many IDPs like Ali and his family, but the scale of internal displacement amid the violence in Cabo Delgado continues to threaten the livelihoods of more and more families and demand our increased efforts to support host communities and IDPs as they get back on their feet in unfamiliar surroundings," says acting FAO Representative in Mozambique, Dario Cipolla.

Ali is living proof that IDPs can provide for themselves with the proper support that help them generate livelihoods and more easily integrate into host communities. With the conflict resulting in over a million displaced people to date and the potential for many more, FAO and its local partners are calling on countries for additional support so that the Organization can continue to assist over 967 000 IDPs in 2023.

# माइतिघरबाट किसानहरुको खबरदारी

**सुमन ढंगाना**

काठमाडौ चैत्र १० नेकपा (माओवादी केन्द्र) निकट अखिल नेपाल किसान महासंघ ( क्रान्तिकारी केन्द्र), नेकपा (एकीकृत समाजवादी) निकट अखिल नेपाल किसान महासंघ, नेकपा (मसाल) निकट अखिल नेपाल किसान महासंघ (अफ्फा), नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी), नेपाल कम्युनिस्ट पार्टी




निकट अखिल नेपाल किसान युनियन र नेकपा (माले) निकट अखिल नेपाल प्रगतिशील किसान संघसहित ६ वटा कम्युनिस्ट पार्टीहरू निकट किसान संगठनहरूले फागुन ८ गते दिउसो संयुक्त रुपमा  प्रदर्शन गरेका छन् । प्रदर्शन गर्नुको मुख्य कारण कृषि क्षेत्रमा देखिएको असन्तुलन, राज्यले विगत देखिनै वेवास्ता गर्दै आएको कारण संघर्षमा उत्रिनु परेको किसान नेताहरुले बताएका छन् ।

६ वटा किसान संगठनहरुले १. देशको दुईतिहाई जनसंख्या ओगट्ने र प्रमुख उत्पादक शक्तिको रूपमा रहेका किसानहरूको जीवन र जीविकामा आमूल परिवर्तन ल्याउने गरी नेपाल सरकारको आगामी बजेट तथा कार्यक्रम तय गरी कार्यान्वयन गरियोस् ।

२. विगतको कानुनी व्यवस्था विपरीत तत्कालीन केपी ओली सरकारले नेपालको कृषि क्षेत्रलाई ध्वस्त बनाउने गरी कृषिको प्राथमिक उत्पादनका क्षेत्रमा वैदेशिक लगानी भित्राउने निर्णय गरेको र सर्वोच्च अदालतले समेत सोही निर्णयलाई सघाउने गरी फैसला सुनाएको कुरा विभिन्न सञ्चार माध्यममा आएकोले ओली सरकारको सो किसानविरोधी निर्णय अविलम्ब खारेज गरियोस् र सम्मानित सर्वोच्च अदालतको फैसलालाई पुनरावोकन गरियोस् । नेपाली कृषिलाई विदेशी तथा दलाल पुँजीपतिको हातमा जान र परनिर्भर बन्नबाट रोक्दै राष्ट्रिय कृषि तथा स्वदेशी किसानहरूको संरक्षण गरियोस् ।

(२) मीटरब्याजको कारोबारलाई गैरकानुनी घोषणा गरियोस् । मीटरब्याजीहरूलाई कडाभन्दा कडा कारबाही गरियोस् । साँवा ( मूलधन) रकम बराबर रकम भुक्तानी गरिसकेका ऋणीहरूको बाँकी सम्पूर्ण ऋण मिनाहा गरियोस् ।

(३) किसानमुखी र जनमुखी मौद्रिक नीति जारी गरी कडाइका साथ लागु गरियोस् । नेपाल राष्ट्र बैंकको नीति विपरीत ऋण प्रवाह र अन्य कार्य गर्ने सहकारी, लघुवित्त र तिनका सञ्चालकहरूलाई कालो सूचीमा राखी कडाभन्दा कडा कारबाही गरियोस् । लघुवित्त र सहकारीहरूले गैरकानुनी र चक्रीय ब्याज प्रणालीमा लिइरहेको कोरोनाकालदेखि हालसम्मको सम्पूर्ण ब्याज र हर्जाना मिनाहा गरियोस् । बाँकी ऋण भुक्तानीका लागि पर्याप्त समय दिई ऋणको पुर्नतालिकीकरण गरियोस् ।

(४) विदेशबाट तरकारी, कुखुरा, अण्डा, खसीबोका र पशुपन्छी लगायतको आयात अविलम्ब रोकियोस् । खाद्यान्न, तरकारी तथा फलफूलमा विषादीको अवशेष परीक्षणलाई कडाइका साथ लागु गरियोस् । कृषि उपजको आयातलाई निरुत्साहित गरी स्वदेशी किसानको उत्पादनलाई संरक्षण र प्रोत्साहन गरियोस् ।

(५) रासायनिक मलको मूल्यवृद्धि अविलम्ब रोकियोस् । दीर्घकालीन योजना बनाई खेतीको समयमा रासायनिक मलको अभाव हुने अवस्थाको सँधैका लागि अन्त्य गरियोस् ।

(७) आगामी १० वर्षमा देशमा रासायनिक मल बिना खेती गर्नसकिने गरी प्रांगारिक खेती र दिगो कृषिलाई प्रबर्द्धन गरियोस् ।

(८) मूल्य बृद्धि नियन्त्रण गरियोस् । कालोबजारी गर्नेहरूमाथि कडा कारबाही गरियोस् । उपभोक्ता र उत्पादक सहकारीहरूमार्फत सुपथ मूल्य पसलहरू सञ्चालन गरियोस् ।

(९) जनयुद्धकालीन मुद्दाहरूलाई संक्रमणकालीन न्याय व्यवस्था अन्तर्गत निरुपण गरियोस् । शान्ति प्रक्रियालाई यथाशीघ्र निष्कर्षमा पुऱ्याइयोस् आदि मागहरु राखे संघर्षमा उत्रेका हुन् ।

उक्त आन्दोलनमा किसान एकता जिन्दावाद, किसानहरू गर्जन्छ किसान मारा थर्कन्छन्, किसान माथिको वित्तीय शोषण अन्त्य गर, बढ्दो महँगी नियन्त्रण गर, विषादीयुक्त खाद्यान्न आयात बन्द गर जस्ता नारा लगाएका थिए ।

लघुवित्त, मिटरब्याजी, रासायनिक मलखाद, कृषिमा वैदेशिक लगानी, भूमि बैंक लगायतका किसानहरूका विभिन्न समसामयिक मागहरू राखी संयुक्त बिरोध प्रदर्शन गरिएका थिए ।

**आविष्कार केन्द्रलाई गैरआवासीय नेपाली संघको सहयोग**

प्राप्त सहयोग  कृषि औजार कारखाना लिमिटेडलाई

काठमाडौं चैत १० गते गैरआवासीय नेपाली संघ (एनआरएनए)ले राष्ट्रिय आविष्कार केन्द्रलाई ६३ लाख ९ हजार ७२ रुपैयाँ बराबरको पुर्ननिर्माण सामग्री सहयोग गरेका छन् ।

सामाजिक साझेदारीको अवधारणा अन्तर्गत गैरआवासीय नेपाली संघले १२ बैशाख २०७२ को विनाशकारी महाभूकम्पपछिको पुर्ननिर्माणको क्रममा शुरु गरेको लाप्राक वस्ती विकास आयोजनाका लागि खरिद गरिएका निर्माण उपकरण, औजार र सवारी साधन केन्द्रलाई सहयोग गरेको हो ।

प्रदान गरिएका उपकरण तथा सामग्रीहरु बिरगञ्जस्थित कृषि औजार कारखाना लिमिटेडको पुर्नस्थापनाका लागि प्रयोग गरिने अविष्कार केन्द्रले जनाएको छ ।

गैरआवासीय नेपाली संघका कार्यकारी अध्यक्ष रविना थापाले आविष्कार केन्द्रका प्रमुख

# काठमाडौं घोषणा–पत्र २०७९






राष्ट्रिय सहकारी महासंघ लि. नेपाल तथा भूमि व्यवस्था सहकारी तथा गरीवी निवारण मन्त्रालयको संयुक्त तत्वावधानमा “सहकारीको दिगोपनका लागि स्वनियमन तथा सुशासन” थिमका साथ मिति २०७९ चैत्र २३ देखि २५ गतेसम्म काठमाण्डौमा आयोजित “तेश्रो राष्ट्रिय सहकारी महासम्मेलन” मा सहभागी हामी सहकारीकर्मी तथा सरोकारवाला निकायका प्रतिनिधिहरुले दिगो एवं मर्यादित सहकारी अभियानको प्रवर्द्धन गर्दै “समृद्ध सहकारीः सन्तुष्ट सदस्य” को परिकल्पना साकार पार्ने उच्च संकल्प सहित यो घोषणापत्र जारी गर्दछौं ।

१.सहकारी सिद्धान्त,मूल्य,मान्यता र विधिको परिपालना गरी सहकारीको पहिचान स्थापित गर्न सहकारी संस्थाहरुमा स्वनियमन र सुशासन कायम गर्दै सदस्य केन्द्रित व्यवसायको माध्यमबाट गुणात्मक सहकारी अभियान निर्माणमा प्रतिवद्ध छौं ।

२.सदस्यको वचतको सुरक्षाका लागि सहकारी क्षेत्रमा विश्वास अभिवृद्धि गर्न राष्ट्रव्यापी रुपमा जागरण अभियान सञ्चालन गर्न प्रतिवद्ध छौं ।

३. सहकारी क्षेत्रको दिगोपनका लागि कानुनले परिकल्पना गरेका प्रवर्द्धनात्मक व्यवस्था कार्यन्वयनका लागि आवश्यक पहलकदमी गर्न प्रतिवद्ध छौं ।

४.अर्थतन्त्रमा देखा परेका समस्याका कारण सहकारी क्षेत्रमा सिर्जना भएको तरलता संकुचनको समस्या समाधानार्थ तिनै तहका सरकारको तर्फबाट सम्वोधन गर्न सामूहिक रुपमा वहस पैरवीका लागि प्रतिवद्ध छौं ।

५.सहकारीको स्वस्थ्य एवं प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धिका लागि एकीकरणलाई अभियानको रुपमा सञ्चालन गर्नुका साथै नवप्रविधिलाई आत्मसाथ गर्दै गुणस्तरीय सेवा प्रवाह गर्न प्रतिवद्ध छौं ।

६.सहकारीको पूँजीलाई उत्पादन, प्रशोधन, बजारीकरण लगायतका मूल्यश्रृंखला विकास मार्फत आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्नका लागि ऐन नियमको कार्यान्वयन, अन्तरसम्बन्धित ऐन परिमार्जन गर्न सामूहिक पहलकदमी गर्ने प्रतिवद्धता व्यक्त गर्दछौं। सरकार मातहत रहेका कोषहरु सहकारी बैंक मार्फत सहुलियतपूर्णरुपमा लगानी गर्न तथा उच्चतम् प्रविधि अपनाउन सामूहिक पहलकदमी गर्नेछौं ।

७.दिगो विकासका लक्ष्य प्राप्तिका लागि सहकारी संघ संस्थामा महिला तथा लैंगिक समानता, युवा तथा सिमान्तकृत वर्ग विच सामाजिक समावेशीता कायम गर्दै वित्तिय पहुँच वृद्धि एवं क्षमता विकास गर्न आवश्यक नीति निर्माण कार्यान्वयन र नेतृत्व तहमा सहभागीता अभिवृद्धि गर्नेछौं ।

८. बदलिदो प्रतिस्पर्धात्मक वातावरणमा संस्थागत कार्यक्षमता विकास गर्न आवश्यक दक्ष जनशक्ति निर्माण गर्न औपचारिक शिक्षामा सहकारी विषय अध्ययन अध्यापन गराउन तथा सहकारीमा क्षमतावान मानव संसाधनलाई आकर्षित गर्दै स्थायित्व कायम गर्न सामूहिक पहलकदमी गर्न प्रतिवद्ध छौं ।

९.वातावरणमैत्री कृषि उत्पादन वृद्धि, आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन एवं रोजगारी सिर्जना गर्न सार्वजनिक, निजी र सहकारी साझेदारी मोडेललाई कार्यरुप दिदै नविन सोच र सिर्जनात्मकताका आधारमा सहकारी मार्फत कृषि, पर्यटन, जलश्रोत, स्वास्थ्य, शिक्षा, यातायात आदि उद्योगमा लगानी वृद्धि गर्न प्रतिवद्धता व्यक्त गर्दछौं ।

१०. विशिष्टीकृत सहकारी संघ मार्फत वृहत र विशिष्ट उत्पादनको विकाश, कृषि र पशुजन्य क्षेत्रको प्रवर्द्धन एवं ठुला कृषि फार्मको स्थापना, कृषिजन्य बस्तु तथा सेवाको मूल्य तथा आपूर्ति श्रृंखला विकास गरी सहकारीको ब्राण्ड प्रवर्द्धन गर्नेछौं ।

११. सहकारी क्षेत्रको तथ्याङ्क अद्यावधिक गर्ने, सहकारीको अध्ययन अनुसन्धानमा लगानी वृद्धि गरी समग्र अर्थतन्त्रमा सहकारी क्षेत्रको योगदानको मापन गर्ने प्रणाली विकासका लागि पहलकदमी लिनेछौं ।

२०७९ चैत्र २५ गते

---

महावीर पुनले राष्ट्रिय आविष्कार केन्द्रको स्थापनासहित मुलुकमा वैज्ञानिक अनुसन्धान, सूचना प्रविधि तथा समाजिक क्षेत्रमा राष्ट्रको उन्नति र सम्वर्द्धनका लागि पुऱ्याएको योगदानको प्रशंसा गरिन् ।

गैरआवासीय नेपाली संघका अध्यक्ष कुल आचार्यले विदेशमा बसेका नेपालीहरुले आविष्कार केन्द्रलाई सक्दो सहयोग पुऱ्याउने प्रतिवद्धता जनाएका छन् ।

कार्यक्रममा आविष्कार केन्द्रका प्रमुख पुनले संघले गरेको सहयोगप्रति आभार व्यक्त गर्दै आगामी दिनमा पनि सहयोगको अपेक्षा राखेको बताए ।

यसअघि पनि संघले आविष्कार केन्द्रलाई १२ लाख ८७ हजार रुपैयाँ बराबरको सहयोग हस्तान्तरण गरेका थिए। गैर आवासीय नेपाली संघका पूर्व अध्यक्ष भुवन भट्टद्वारा स्थापित रु एक करोड राशिको ‘‘भवन किर्ती रत्न’’ पुरस्कार आविष्कार केन्द्र तथा एनआईसीका संस्थापक पुनलाई प्रदान गरेका थिए ।

# ११ बुँदे काठमाडौं घोषणा पत्र जारी गर्दै सकियो महासम्मेलन

सहकारीको पूँजीलाई उत्पादन, प्रशोधन र बजारीकरणमा लगानी गर्ने प्रतिवद्धता



काठमाडौं, चैत्र २५ सहकारीको पूँजीलाई उत्पादन, प्रशोधन र बजारीकरणमा लगानी गरी मूल्य श्रृंखला विकासमार्फत आत्मनिर्भर अर्थतन्त्र निमार्ण गर्न महासम्मेलनले जोड दिएको छ ।

काठमाडौंमा सम्पन्न तेस्रो राष्ट्रिय सहकारी महासम्मेलन ११ बुँदे घोषणा पत्र जारी गर्दै सहकारीले आत्मनिभर अर्थतन्त्र निमार्णमा लाग्नु पर्ने उल्लेख छ । त्यसै गरी, वातावरण मैत्री कृषि, उत्पादनमा वृद्धी आयात प्रतिस्थापन, निर्यात प्रर्वद्धन र रोजगारी सिर्जना गर्न सार्वजनिक निजी र सहकारी साझेदारी मोडेललाई अगाडि बढाईने घोषणा पत्रमा उल्लेख छ । नविन सोच र सिर्जनात्मकताका आधारमा सहकारी मार्फत कृषि पर्यटन, जलश्रोत, स्वास्थ्य, शिक्षा, उद्योग लगायतका क्षेत्रमा लगानी वृद्धि गर्ने प्रतिवद्धता महासम्मेलनले गरेको छ ।

विशिष्टीकृत सहकारी संघमार्फत वृहत र विशिष्ट उत्पादनको विकास, कृषि र पशुजन्य क्षेत्रको प्रवर्द्धन एवं ठुला कृषि फार्मको स्थापना, कृषिजन्य वस्तु तथा सेवाको मूल्य तथा आपूर्ति श्रृँखला विकास गरी सहकारीको ब्राण्ड प्रवर्द्धन गर्ने जनाईएको छ ।

त्यसैगरी, सहकारी सिद्धान्त, मूल्य, मान्यता र विधिको परिपालना गरी सहकारीको पहिचान स्थापित गर्न सहकारी संस्थाहरुमा स्वनियमन र सुशासन कायम गर्दै सदस्य केन्द्रित व्यवसायको माध्यमबाट गुणात्मक सहकारी अभियान निर्माणमा प्रतिवद्धता जनाईएको छ । सदस्यको बचतको सुरक्षाका लागि सहकारी क्षेत्रमा विश्वास अभिवृद्धि गर्न राष्ट्र व्यापी रुपमा जागरण अभियान सञ्चालन गर्न, सहकारी क्षेत्रको दिगोपनका लागि कानुनले परिकल्पना गरेका प्रवर्द्धनात्मक व्यवस्था कार्यान्वयनका लागि आवश्यक पहलकदमी गर्न र अर्थतन्त्रमा देखा परेका समस्याका कारण सहकारी क्षेत्रमा सिर्जना भएको तरलता संकुचनको समस्या समाधानार्थ तिनै तहका सरकारको तर्फबाट सम्बोधन गर्न सामूहिक रुपमा वहस पैरवीका लागि पहल गरिने घोषणा पत्रमा उल्लेख छ ।

